वर्ष : १३, अंक : ४४, काठमाडौं, २०७४ फागुन ११ गते शुक्रबार 23 February 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## ‘मध्यमधेश प्रति ठाकुर सकारात्मक’



राजपा संयोजक महन्थ ठाकुरलाई ज्ञापनपत्र बुझाउँदै ।

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुर प्रदेश २ को नामाकरण ‘मध्यमधेश’प्रति सकारात्मक देखिएका छन् । तराई मधेश राष्ट्रिय परिषद्का सदस्यहरू सरोज राय, कासिन्द्र यादव, अमित साह र संजय साह लगायतका टोलीले प्रदेश न.२ को नामकरण ‘मध्य मधेश’ हुनुपर्छ भनेर राजपा अध्यक्ष मण्डलका संयोजक ठाकुरलाई ज्ञापनपत्र बुझाएका छन् ।

सुरूमा ठाकुरले नामकरण गर्ने अधिकार प्रदेश सभाको रहेकोले प्रदेश सभा सदस्यलाई नै ज्ञापन दिंदा उचित होला भने । राजपाका धेरै जसो प्रदेश सभा सदस्यहरूलाई ज्ञापनपत्र बुझाइसकेको र धेरैको सहमति ’मध्यमधेश’प्रति रहेको जानकारी गराए पछि बडो गम्भीरताको साथ ठाकुरले ज्ञापनपत्रका एक-एक शब्द पढे र ’मध्य मधेश’ नाम प्रति उनको चासो बढ्दै गयो ।

करिव २ घण्टाको लामो बहसमा परिषद्का सदस्यहरूले अन्य सबै नामहरूमा सबैभन्दा उपयुक्त नाम ’मध्य मधेश’ हो भनेर विभिन्न आधारहरू राखेपछि ठाकुर पनि यसप्रति सकारात्मक भएको परिषद्का सदस्य सरोज रायले जानकारी दिएका छन् । संयोजक ठाकुर ‘मध्य मधेश’ प्रति पूर्णरूपले सहमत हुँदै यसबारे आफ्नो पार्टी भित्र चर्चा अगाडि बढाउने वाचा गरेका छन् । यस्तै राजपाका अर्का अधयक्षमण्डलका सदस्य अनिल झा र प्रदेशसभा सदस्य डा.डिम्पल झा समेतलाई पनि यसबारे ज्ञापनपत्र बुझाइएको रायले जानकारी दिए ।

## “प्रहरी र निजामती कानून चाँडै ल्याउनेछौं”

पर्सा । प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले प्रदेश सरकारले निकट भविष्यमै प्रहरी तथा निजामतीलगायत सातवटा कानून ल्याउने तयारीमा रहेको बताएका छन् । मुख्यमन्त्री गद्दीले संविधानको मूल कानूनसँग नबाझिने गरी प्रदेश सरकारले कानून निर्माण गर्ने गृहकार्यमा लागेको र सक्दो चाँडो कानून निर्माण गरिने बताए ।

जिल्ला प्रशासन कार्यालय पर्सामा कार्यालय प्रमुखहरूलाई निर्देशन दिँदै उनले भने- ‘प्रदेश सरकारले ल्याउन लागेकै कानूनबाट प्रदेशका सबै कर्मचारी नियन्त्रित र निर्देशित हुनेछ ।’ मुख्यमन्त्री गद्दीले प्रदेश नं. २ को सबैभन्दा ठूलो समस्या नै ढिलासुस्ती र अनियमिता रहेकाले यसलाई सुधार गरी विकास निर्माणका कार्य अगाडी बढाउनेतर्फ प्रदेश सरकार लागि परेको चर्चा गर्दै सरकारले लिएको भ्रष्टाचार विरूद्धको शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागू गर्ने प्रतिवद्धता व्यक्त गरे ।

जतनाको काममा ढिलासुस्ती र अनियमितता गर्ने विरूद्ध सरकार कठोर रूपमा प्रस्तुत हुने चेतावनी दिदै उनले मुलुकभित्र रहेका प्रशिक्षित, परिस्कृत र अनुभवी राष्ट्रसेवकको सहयोग बिना प्रदेशलाई समृद्ध बनाउन नसकिने बताए ।

## समस्याको समाधानमा सबैको भूमिकाको खाँचो छ : सभामुख यादव



जनकपुरधाम । प्रदेश नं. २ का प्रदेशसभा सभामुख सरोजकुमार यादवले प्रदेशका समस्या र चुनौतीको समाधानमा सबैको भूमिकाको खाँचो औँल्याएका छन् । प्रदेशसभाको पहिलो अधिवेशनअन्तर्गत पाँचौ बैठकमा आयोजित नवनियुक्त मुख्यमन्त्री, नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई ज्ञापन र शुभकामनाका क्रममा उनले सङ्घीयता कार्यान्वयनको चरणलाई गम्भीरतापूर्वक लिनु जरूरी रहेको सुझाव दिए ।

आगामी दिनमा मुख्यमन्त्रीको विश्वासको मत, प्रदेशलाई समृद्ध बनाउने ऐन, कानूनको निर्माण, प्रदेशको राजधानी र नामाकरणलगायत विषयमा पनि सबैको सहयोगी भूमिकाको अपेक्षा रहेको उनले बताए ।

### यसभित्र...

पर्यटकीय सम्भावनाले धनी प्रदेश २
संगीता रेग्मीको आलेख, पृष्ठ २ मा

मधेशको उपचार गर
सम्पादकीय पृष्ठ २ मा

महिलाका लागि अन्तर्देशीय कार्यक्रम चलाउँदैछौं : राधा कायस्थ
शहीदका परिवारलाई व्यवस्थापन गर्नुपर्छ : जयराम यादव
अन्तर्वाता पृष्ठ ३ मा

गरिबका नाममा ब्रह्मलुट, अर्बौं स्वाहा पृष्ठ ४ मा

प्रकाशको मृत्यु र सीताको आँसु पृष्ठ ५ मा

शैक्षिक माफिया हाबी भएको भन्दै मुख्यमन्त्रीलाई ध्यानाकर्षण पृष्ठ ६ मा

# फोरम सरकारमा जाने पक्का

## राजपा पनि बाटो ताक्दै

मधेशवाणी डेस्क

काठमाडौं । वाम गठबन्धनका तर्फबाट एक साताअघि प्रधानमन्त्री बनेका एमाले अध्यक्ष केपी ओलीले सरकारमा मधेशी दललाई सहभागि गराउने विषयमा पहल सुरू गरेका छन् । प्रधानमन्त्रीको पहलमा संघीय समाजवादी फोरमले सरकारमा सहभागी हुने ‘ग्रिन सिग्नल’ देखाएको छ भने अर्को मधेशी दल राष्ट्रिय जनता पार्टी नेपाल पनि तयार भएको छ ।

सत्तारूढ नेकपा एमालेसँगको पटक पटकको वार्ता र छलफल पछि अन्ततः फोरम नेपालले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वाम गठबन्धन सरकारमा सहभागी हुन तयार भएको हो ।

यद्यपी फोरमले संविधान संशोधनको मूल मुद्दा सुनिश्चित भए वर्तमान सरकारमा सहभागी हुने आशय एमाले समक्ष व्यक्त गरेको छ । सरकारमा सहभागितावारे पछिल्ला दिनमा चलिरहेका विभिन्न चरणका छलफल सकारात्मक भए पनि सहभागिताको अझै टुंगो नलागेको फोरम नेपालका एक नेताले बताए ।

सरकारमा सहभागी हुने सम्बन्धमा भएको दुई पक्षीय छलफल निकै सकारात्मक भएपनि संविधान संशोधनको विषय राजनीतिक निर्णयकै रूपमा अगाडि आए अझ विश्वासको वातावरण बन्ने फोरमको बुझाइ छ ।



फोरम अध्यक्ष उपेन्द्र यादव



प्रधानमन्त्री केपी शर्मा ओली



राजपा संयोजक महन्थ ठाकुर

संविधान संशोधनको विषयमा प्रधानमन्त्री ओलीको आधिकारिक धारणा सार्वजनिक भए सरकारमा आफूहरू पनि सामेल हुने ती नेताको भनाइ छ । उनका अनुसार आफूहरूको मुख्य चासो मुद्दा संविधान संशोधन रहेको र यसमा राजनीतिक निर्णय र समझदारी भई कार्यान्वयन गर्ने अवस्था देखिए पार्टी सरकारमा सहभागी हुनेछ ।

विगतमा भएका समझदारी कार्यान्वयन नहुने अवस्था रहने हो भने बेइमानीपूर्ण हुने र त्यस्तो सम्झौताको औचित्य नहुने समाजवादी फोरमको धारणा छ । उनले मुद्दामा इमान्दारी भए सरकारमा जाने नत्र बाहिर बसेर पनि सरकारलाई

बाँकी पृष्ठ ८ मा

## प्रदेश २ मा वामको समर्थन, कांग्रेस विपक्षमा



मो. लालबाबु राउत गद्दी
मुख्यमन्त्री, प्रदेश २

काठमाडौं । प्रदेश २ को मधेश गठबन्धनको सरकारलाई प्रमुख प्रतिपक्ष दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समर्थन गरेको छ ।

प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशसभामा एमाले सहितको विश्वासको मत पाएका छन् । वाम गठबन्धनले समेत समर्थन गरेपछि राउतले दुई तिहाईको समर्थन पाएका हुन् ।

फोरम र राजपा गठबन्धनबाट मुख्यमन्त्री बनेका राउतले बिहीबार प्रदेशसभामा विश्वासको मत लिनु पर्ने थियो । विपक्षी एमालेले विश्वासको मत दिए पनि कांग्रेस भने विपक्षमा रहेको छ ।

एमालेका नेताहरूले प्रदेश २ का जनताको विपक्षमा जान नसक्ने धारणा राख्दै मुख्यमन्त्री राउतलाई विश्वासको मत दिएका हुन् । विश्वासको मत माग्दै राजपाको समर्थनमा मुख्यमन्त्री बनेका फोरम संसदीय

बाँकी पृष्ठ ८ मा

## राष्ट्रपतिको निर्वाचन २९ गते

काठमाडौं । निर्वाचन आयोगले राष्ट्रपतिको निर्वाचन आगामी २९ गते सम्पन्न गर्ने निर्णय गरेको छ । निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा बिहीबार बसेको आयोगको बैठकले राष्ट्रपति तथा उपर्राष्ट्रपति निर्वाचन ऐन, २०७४ को दफा ४ को उपदफा (२) को व्यवस्था बमोजिम यहि फागुन २९ गते राष्ट्रपतिको निर्वाचन गर्ने गरी निर्वाचनको मिति तोकेको हो । यसै बैठकले राष्ट्रपति निर्वाचनको कार्यक्रम समेत तय गरेको छ। उक्त मिति तय गर्नुपूर्व आयोगका पदाधिकारीहरूले प्रधानमन्त्री तथा राजनीतिक दलका प्रतिनिधिहरूसँग आवश्यक परामर्श र छलफल गरेका थिए । फागुन २९ गते मंगलबारका दिन विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान हुने गरी राष्ट्रपतिको निर्वाचनको मिति तोक्ने, राष्ट्रपतिको निर्वाचन हुने गरी मिति तोकेको जानकारी नेपाल सरकार मन्त्रिपरिषद्लाई लेखी पठाउने आयोगले निर्णय गरेको छ ।

## प्रदेश २ का मुख्य न्यायाधिवक्तालाई ‘क्लिनचिट’



दीपेन्द्र झा

काठमाडौं । प्रदेश २ मा नियुक्त भएका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झालाई सर्वोच्च अदालतले क्लिनचिट दिएको छ । मुख्य न्यायाधिवक्ता झाको योग्यतामाथि प्रश्न उठाउँदै अधिवक्ताद्वय मधु पाठक र डिल्लीप्रसाद न्यौपानेले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सो रिट निवेदनमा प्रधानन्यायाधिश गोपाल पराजुलीको वेन्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। मुख्य न्यायाधिवक्ता झाले समाजिक सञ्जालमा भनेका छन्, ‘भ्रमहरू चिरिएका छन् र मैले नैतिक विजय पाएको छु ।’

‘विश्वास दिलाउन चाहन्छु कि प्रदेश २ को संघियता कार्यान्वयन र स्वायत्तताका लागि कानून निर्माणको मिसनलाई सफल बनाउन कुनै कसर बाँकी राख्ने छैन । काम गर्ने क्रममा आउने यस्ता बाधा र अवरोधहरूबाट हामी डराउँदैनौ । यस्ता चुनौतीका वावजुद मलाई प्रदेश नं. २ को मुख्य न्यायाधिवक्तामा नियुक्तिका लागि दृढता देखाउनु भएकोमा आदरणीय नेता उपेन्द्र यादव तथा माननीय मुख्यमन्त्री लालबाबु राउतलाई सहृदयबाट धन्यबाद दिन चाहन्छु ।’ भनेका छन् ।

**समय-सन्दर्भ**

जेपी गुप्ता



## किसुनजीको आँखिझ्यालबाट राष्ट्र प्रमुखलाई हेर्दा

### यदि पंचायती कालका झै शीतलनिवासले “राजा बोल्दैन, पशुपति सुन्दैन” झै व्यवहार गर्छ भने राष्ट्रपतिको भूमिकामा गम्भीर प्रश्न उठ्छ।

उहाँ कल्याण बिक्रम अधिकारी हो । श्रद्धेय कृष्ण प्र. भट्टराई भर्खर अन्तरिम प्र.म. हुनु भाथ्यो । राजा वीरेन्द्रबाट अधिकारीलाई फ्रान्सको राजदूत नियुक्त गरियो । संसदीय प्रजातन्त्रमा राजाले नै गर्ने भनिएको बाहेकका बाँकी सबै काम म.प.को सिफारिशमा मात्र गरिनु पर्दछ, यो नियुक्ति यसको विपरित भयो भनी राजाको बडो आलोचना भयो ।

प्र.म. किसुनलाई भने राजाको यो कार्य मन परेको थिएन । तर, उहाँ सार्वजनिक रूपमा बोल्नु भएन । विश्वनाथ प्र. उपाध्याय प्रधान न्यायधिश हुनुहुन्थ्यो । राधेश्याम अधिकारीले राजदूत नियुक्तिको यस बिषयलाई गलत भयो, बदर हुनुपर्ने मांगदावीका साथ सर्वोच्च अदालतमा लानु भयो । गिरिजा बाबु नेकाको महामंत्री हुनुहुन्थ्यो । हामीसंगै थियौ, किसुन जीले गिरिजा बाबुलाई सुझाउनु भयोस प्र.म.को भन्दा पार्टीको दायरा फराकिलो हुन्छ । यसर्थ, मैले भन्दा गिरिजा बाबुले यसको बिरोधमा बोल्नु पर्यो ।

गिरिजा बाबुले मलाई भन्नु भए अनुसार मैले उहाँको वक्तव्य तयार गरी सार्वजनिक भयो । सर्वोच्च नेता गणेशमान जीले पनि त्यस नियुक्तिको बिरोध गर्नु भयो । राजा सकसमा पर्नु भयो र भेंटमा किसुन जीसंग परामर्श माग्नु भयो । संसदीय प्रजातन्त्रका लागि म पनि अभ्यस्त छैन । यसो हुन गयो, अब के गर्दा राम्रो हुन्छ सोध्नु भयो । किसुन जीलेस “सरकार राष्ट्र प्रमुख र सरकार प्रमुख हामी दुबैले संसदीय प्रजातन्त्र अनुरूपको मान्यता बसाल्दै जानेमा लाग्यौ भने भोली बन्ने संबिधानमा केही कमी कमजोरी रहन गएपनि संसदीय प्रजातन्त्र भने बलियो हुन्छ” भनेर राजालाई संझाउनु भयो । किसुन जीले मुख खोल्नु भयो, “राजाबाट भएको राजदूतको नियुक्ति मेरै सिफारिशमा भएको हो ।” यस संबैधानिक समस्याको समाधान भयो ।

बिस २०४८ सालमा संसदीय प्रजातन्त्रको संबिधान जारी हुँदाको दिन कार्तिक २३ गते म पेरिसमा रादूताबासमै थिए । आदरणीय ओमकार श्रेष्ठ, भीम बहादुर तामांग र अहिले ६ न. प्रदेशको प्रमुख हुनुभएको मा. दुर्गा केशर खनाल पनि उही हुनुहुन्थ्यो । कल्याण बिक्रम अधिकारी नै राजदूत हुनुहुन्थ्यो । उहाँले मलाई भन्नु भा’थ्यो, “किसुन जी जस्ताको दीर्ध जीवन र सक्रिय भूमिकामा संसदीय प्रजातन्त्रको भविष्य निर्भर गर्दछ ।”

मेरो उमेर कम थियो, भर्खरै टियू छोडेको थिए । एक प्रकारले बिद्यार्थी राजनीतिमै थिए । संसदीय प्रजातन्त्र त बुझेकै थिईन । तर, पेरिसको त्यस वार्तालापको क्रममा राजदूत नियुक्तिको त्यस प्रसंगमा किसुन जीको भूमिकाबाट मैले सिकेस राष्ट्र प्रमुख र सरकार प्रमुख एक अर्काका प्रति जतिनै अविभूत रहेपनि मर्यादा तथा जिम्मेवारीको बिषयमा एक अर्काको मतियार बन्नु हुदैन । परस्पर बिरोधी भूमिका नगरेर पनि यस्ता समस्याहरूको समाधान खोज्न सकिन्छ, जसरी किसुन जीले गर्नु भयो ।

किसुन जी धेरै समय प्रजातन्त्रलाई दिग्दर्शन दिन सक्नु भएन । र अहिलेका राजा वा रंकहरूलाई ती परम्पराहरू संझिने फुर्सत पनि रहेन ।

हालसाल प्र.म.बाट बिदा लिनु पूर्व शेर बहादुर देउवा जीले गर्न नहुने केही कामहरू गर्नु भयो । यो बिवादको बिषय भएको छ । निवर्तमान सरकारले नवगठित

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# मधेशको उपचार गर

एमाले अध्यक्ष तथा संसदीय दलका नेता केपी शर्मा ओलीले दोस्रो पटक प्रधानमन्त्रीको शपथ लिएका छन् । गत हप्ता छिटोछिटो बदलिएका राजनीतिक घटनाक्रममा ओलीले नेकपा माओवादी केन्द्रको समर्थनमा प्रधानमन्त्रीमा चयन भए । प्रधानमन्त्रीका रूपमा दोस्रो कार्यकाल सुरू गरेका ओली यसपटक अघिल्लो कार्यकालमा भन्दा निकै बलशाली हैसियतमा पदमा फर्केका छन् । यतिबेला उनको दल संसदमा सबैभन्दा ठूलो दलका रूपमा छ र माओवादी केन्द्रको समर्थन पनि छ । झन्डै १९ महिनापछि फेरि नेपालका प्रधानमन्त्रीका रूपमा शपथ लिएका प्रधानमन्त्री ओलीसामु अब पहिलेको जस्तो चुनौती पनि छैन तथा पहिलेको जस्तो शंकाको लाभ पाउने अवस्था पनि छैन । उनले पद बहाली गरेको दिनदेखि नै के-के काम गर्नेछन् र के-के परिणाम दिएका छन् भनेर सम्पूर्ण जनताले अभिलेख राख्न थाल्नेछन् ।

चुनौतीका तुलनामा प्रधानमन्त्री ओलीका लागि अवसर नै बलिया छन्, जसलाई व्यवस्थापन गर्ने कुशलता भने उनले देखाउनै पर्नेछ । ओली स्थिर सरकार र आर्थिक समृद्धिको नारा दिएर निर्वाचनमा अपिल गर्न गएका थिए । वामपन्थी गठबन्धनसहित मतदातासँग आफ्ना लागि जीत माग्न गएका ओलीलाई जनताले समर्थन गरेका छन् । यसैगरी यसपटक स्थानीय तहदेखि प्रदेश सरकारसम्म एमालेसहित वाम गठबन्धनको अधिकांश स्थानमा सरकार बनेको छ । यी तीनै तहका सरकारको सफलता असफलतासँग ओलीको भविष्य गाँसिएको छ । तर मधेशका सवालमा ओलीको दृष्टिकोण अझै प्रष्ट नहुँदा मधेश ओली नेतृत्वको सरकारप्रति विश्वस्त हुन सकेको छैन । विगतमा मधेशप्रति कडा टिप्पणी गरेका ओलीलाई यो दोस्रो कार्यकालमा मधेशलाई विश्वासमा लिन गाह्रो छ ।

> मधेश आन्दोलनलाई पुलिस र सेनाको बन्दूकबाट दबाउने प्रयास गरेका ओलीको राजनीतिक साख रक्षाको पनि घडी हो यो । मधेशी समुदायको विरोध गरी गैरमधेशी समुदायको नजरमा हिरो बन्न आंशिक रूपमा ओली सफल भएपनि अहिले उनका लागि फलामको च्यूरो भएको छ ।

नयाँ संविधानमा मधेशी र जनजातिप्रति भेदभाव गरिएको र सो विभेदात्मक व्यवस्था सच्चाउनुपर्ने माग साथ मधेशी दलले आन्दोलन गर्दा ५५ जति आन्दोलनकारीले शहादत दिएका छन् । आन्दोलनकारीले संविधान संशोधनको कुरा उठाउँदा एमालेका नेता, कार्यकर्ता र स्वयं प्रधानमन्त्री ओलीले विगतमा जारी नयाँ संविधान दक्षिण एशियाकै उत्कृष्ट संविधान रहेको दाबी गर्ने गरेका थिए । यद्यपि आन्दोलनकारीको दबाबका कारण संविधानको कार्यान्वयन नहुँदै त्यसको दुईवटा धारामा संशोधन गर्नु पर्‍यो । अर्थात संविधान जारी गर्ने पक्षले प्रान्तको सीमा निर्धारण र मधेशीको आकांक्षाप्रति न्यायोचित संवैधानिक व्यवस्था नगरेको या गर्न नचाहेको प्रमाणित भयो । प्रधानमन्त्री ओलीले आजभन्दा पहिला लोकतन्त्र, संविधान र राष्ट्रवादको दिएको नारा हात्तीको देखाउने दाँत थियो भन्ने प्रमाणित होला । त्यसमा पनि संसदीय लोकतान्त्रिक अभ्यासप्रति ओलीको आस्था नरहेको सावित हुनेछ । मधेश आन्दोलनलाई पुलिस र सेनाको बन्दूकबाट दबाउने प्रयास गरेका ओलीको राजनीतिक साख रक्षाको पनि घडी हो यो । मधेशी समुदायको विरोध गरी गैरमधेशी समुदायको नजरमा हिरो बन्न आंशिक रूपमा ओली सफल भएपनि अहिले उनका लागि फलामको च्यूरो भएको छ । ओलीको दोस्रो कार्यकाल सुरू भए पनि मधेशको माग यथावतै रहेको छ । ओलीका लागि मधेशको मागलाई समयमै सम्बोधन गर्नु पर्ने चुनौती पनि छ । यदि यसपटक पनि ओलीले यसलाई सम्बोधन गर्न सकेन भने आगामी दिन कठिन हुनेछ । यद्यपी अहिले ओलीको दल एमाले र प्रचण्डको दल नेकपा माओवादी केन्द्र मिलेर पार्टी एकताको अन्तिम टुंगोमा पुगिसकेको अवस्थामा मधेशको माग सम्बोधन गर्न गाह्रो नभए पनि इच्छाशक्तिको अभाव भने अवश्य छ । मधेशको मागमा माओवादी केन्द्र हिजो लचिलो थियो भने एमाले कडा थियो तर वाम एकता पछि उनीहरूको धारणा कस्तो बन्ने छ हेर्न बाँकी नै छ ।

पहिलो पटक प्रधानमन्त्री भएपछि मधेशको समस्या किनारा लगाउन उनी असफल त भए । आन्दोलनकारीहरूसँग सहमति नगरी एकलौटी ढंगले संविधान संशोधन प्रस्ताव दर्ता गर्दा आफै दर्ता फिर्ता लिनु पर्ने विकल्पमा पनि उनी आफै पुगे । यसले मधेशी दलहरूलाई त दिग्दार बनायो नै । मधेशी दलहरूले पनि ओली सरकारको पालामा अन्तिम किनारा लाग्न बाँकी रहेको मुद्दालाई अहिले ओलीको नेतृत्वको सरकारबाट होला भन्ने विश्वास गरेका छन् । दुबै मधेशी दल फेरि ओली नेतृत्वको नयाँ सरकारमा जान तम्सिएका छन् । मुद्दाको किनारा नलाग्दै सरकारमा जान तम्सिनु पक्कै मधेशी दलहरू सत्ताको भोकले सताएको छ । एमाले अहिले संविधान संशोधनको पुरानै आवश्वासन बाँडिरहेको छ र मधेशी दलहरू पुन: त्यसमै रमाइरहेको छ । जनतालाई ढाँट्ने काम अब पनि नहोस् । अब मधेशी दलले पनि आफ्नो सोच प्रष्ट गरेर मात्र सत्तामा जानु पर्छ ।

## साताको सात बात



कुन अवस्थामा नेपाल थियो, कुन सोच, संस्कार र कुन व्यवस्था र मान्यतामा नेपाल आईपुग्यो यो सबै मौलिक परिवर्तन २००७ सालको जनक्रान्तिले गर्दा सम्भव भएको हो । **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**



नयाँ पार्टी एउटा ऐतिहासिक परिघटना हो । यसले नेपाल राष्ट्रका निमित्त मात्र दूरगामी महत्व राख्दैन, छिमेकी मुलुक, दक्षिण एसिया र विश्वभर नै एक किसिमको तरंग ल्याएको छ । **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



प्रधानमन्त्री केपी ओलीले सरकारमा आउनका लागि आह्वान गरेको भएपनि संविधान संशोधनको विषयमा सरकारबाट प्रष्ट दृष्टिकोण नआएसम्म हामी सरकारमा सहभागी हुँदैनौं । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



जनताको समृद्धिका लागि व्यपाक रूपमा औद्योगिकरण अत्यावश्यक रहेको छ । प्रदेशको प्राथमिकता नै उद्योग स्थापना र संचालन भएकोले उद्योग सम्बन्धी गलत नीति परिमार्जन गर्नुपर्छ । व्यापक रूपमा औद्योगिकरण नगरी समृद्धि सम्भव छैन । **डोरमणि पौडेल, मुख्यमन्त्री, प्रदेश नं. ३**



मुलुकको प्रमुख प्रवेशद्वारका रूपमा रहेको वीरगन्ज औद्योगिक र व्यापारिक नगरीको रूपमा मुलुकभरी आफ्नो पहिचान बनाइसकेको छ । वीरगञ्जलाई आर्थिक राजधानीको रूपमा विकसित गर्न प्रदेश सरकारले केन्द्रसँग समन्वय गरी काम गर्नेछ । **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश नं. २**



यो प्रदेश जनताको आन्दोलनबाट प्राप्त भएको प्रदेश भएको हुनाले यहाँ धेरै चुनैतीहरू रहेका छन् । यो प्रदेशको दक्षिणी सीमा भारतसँग जोडिएको छैन त्यसैले हामीले चीनसँग जोडिएका उत्तरी नाकाहरू जतिसक्दो छिट्टो खोल्नैपर्ने बाध्यता रहेको छ । अबको ५ वर्ष यो प्रदेश नमुना प्रदेशको रूपमा विकसित हुन्छ । **महेन्द्रबहादुर शाही, मुख्यमन्त्री, प्रदेश नं. ६**



अनेकौं अप्ठ्यारा र चूनौतीबीच प्रदेश सभा र प्रदेश सरकारहरू संचालनमा आएका छन् । यिनलाई आगामी दिनमा व्यवस्थित गर्दै जानु र मार्गमा आएका चुनौतीलाई पन्छाउँदै जानु अहिलेको मुख्य आवश्यकता हो । **मनिष सुमन, सांसद, प्रदेश नम्बर २, राजपा नेपाल**

# पर्यटकीय सम्भावनाले धनी प्रदेश २



संगीता रेग्मी

> अब 'अतिथि देवो भव'को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ । अब हामीले पर्यटनको पनि संघीय संरचना तयार गर्न सक्नुपर्छ । यसमा जति ढिलाइ हुन्छ, क्षेत्रीय तथा विश्व प्रतिस्पर्धाबाट हामी त्यति नै पछि पर्न सक्छौं ।

विश्वका हरेक देशका भौगोलिक वनोट, सांस्कृतिक अवस्था, हावा, पानी, खाना, जीवनशैली आदि आफ्नै प्रकारका हुन्छन् । एक देशको विभिन्न अवस्थासँग अर्को देशको समानता पाइँदैन । यस्तै प्रकारका आफ्नो विशिष्ट खालको पहिचान र अवस्था भएको रमाइलो देश नेपाल हो ।



जानकी मन्दिर, जनकपुरधाम

नेपाल यस्तो मुलुक हो, जहाँ विश्वका जुनसुकै मुलुकबाट आएका पर्यटक एक पटक पाइला टेकेपछि उनीहरू यसलाई अन्तिम भ्रमण बनाउँदैनन् । नेपालमा पहिलो पटक आउने पर्यटकलाई प्रश्न गर्दा उनीहरूबाट प्रशंसनीय प्रतिक्रिया व्यक्त भएको पाइन्छ ।

पर्यटकहरू केवल घुम्न मात्र आएका हुँदैनन् त्यस ठाउँबाट उत्पादित वस्तुहरू चिनोको रूपमा पनि लैजान्छन् जसबाट ती पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा थप टेवा पुग्छ ।

**मधेशको पर्यटन**

यहाँ प्रदेश नम्बर २ को पर्यटनको चर्चा गरिएको छ । ८ वटा जिल्ला मिलेर बनेको प्रदेश २ पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तव्य स्थल हो । प्रदेश २ सामाजिक विविधता र जनसंख्याको घनत्व अधिक रहे पनि मानव विकास सूचकांकको आधारमा अन्य प्रदेशभन्दा निकै पछाडि रहेको छ ।

९,६६१ वर्ग किलोमिटरमा फैलिएको प्रदेश २ मा करिब ५४ लाख जनसंख्या रहेको छ । यस प्रदेशमा रहेका जनताको प्रतिव्यक्ति आम्दानी ९६७ डलर छ । यो अन्य प्रदेशको तुलनामा न्यून हो । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, आम्दानी लगायतका क्षेत्रमा यो प्रदेश कमजोर छ ।

दुई नम्बर प्रदेश सामाजिक र आर्थिक पूर्वाधार विकासमा निकै कमजोर रहेको छ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार प्रदेश नम्बर २ मा गरिबी दर उच्च रहेको छ । प्रतिवेदनका अनुसार यो प्रदेशमा ४७.९ प्रतिशत गरिबी रहेको छ । गरिबी, बेरोजगारी र अशिक्षा यस प्रदेशका मुख्य समस्या हुन् ।

विभिन्न समस्याहरूको माझमा पनि प्रदेश २ मा मानवस्रोत, प्राकृतिक स्रोत, पर्यटकीय सम्भावना, कृषि, धार्मिक पर्यटनजस्ता थुप्रै सम्भावना छन् । त्यसैले यो प्रदेश साधन र स्रोतका हिसाबले धनी छ । प्रदेश २ को पर्सा पर्यटकीय सम्भावना बढी भएको जिल्ला हो । पर्सामा वन्यजन्तु आरक्ष छ । पर्सा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुलाई वन पर्यटनका रूपमा अघि बढाएर स्वदेशी तथा विदेशी पर्यटकलाई जंगल सफारी गराउने प्रचुर सम्भावना छ । वीरगन्जको घडिअर्वा पोखरी पर्यटकको मन लोभ्याउने अर्को आकर्षक पर्यटकीय स्थल हो ।

बाराको गढीमाई मन्दिर धार्मिक पर्यटनका लागि महत्वपूर्ण देवस्थल हो । यहाँको रतनपुर जंगल प्रमुख पर्यटकीय स्थल हो । रौतहटका शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर सुन्दर पर्यटकीय स्थलहरू हुन् । सर्लाहीका सागरनाथ, बाबाधाम, हरिहर महादेव पनि प्रमुख पर्यटकीय स्थल हुन् ।

उता महोत्तरीको जलेश्वरनाथ महादेव यस क्षेत्रकै प्रमुख धार्मिक स्थल हो । जलेश्वरनाथ महादेवस्थललाई मिथिलाको प्रवेशद्वार मानिन्छ । बानेश्वरनाथ महादेव बाबा, पडौलको कारिक बाबा, कञ्चनवन, ध्रुवकुण्ड, गिरिजास्थान, मालिवारा, माईस्थान, सिद्धिनाथ मन्दिर, सोनामाई स्थान, टुटेश्वरनाथ महादेव, रौजा मजार, मंगलनाथ महादेव, मटिहानी आदि पर्यटकीय तथा धार्मिक स्थल हुन् ।



गढीमाई मन्दिर, बारा

जनकपुरको रामजानकी मन्दिर विश्व प्रसिद्ध छ । यो विश्वकै हिन्दु धर्मावलम्बीका पवित्र तीर्थस्थल हो । यहाँको दुलहा-दुलही मन्दिर, जनक मन्दिर पनि आकर्षक पर्यटकीय स्थलहरू हुन् ।

जनकपुर कुण्डै कुण्डले भरिएको शहर पनि हो । धनुषसागर, गंगासागर, विहारकुण्ड, अग्निकुण्ड, ज्ञानकुप, अंगराज सरोवर, दशरथ सागर, गोरधोई, पापमोचन सर, छत्रधारिणी पोखरी, देवान पोखरी, डबरा पोखरी, पापमोचनीसर, पुण्यधन सर, वाल्मीकि सर, भुतही पोखरी, मुरलीसर, रामसागर, लक्ष्मणसर, सीताकुण्ड, सूर्यकुण्ड, विषहरा पोखरी, महाराज सागर, रूकमिणी सर, पार्वती सर, विडाल सरजस्ता धार्मिक स्थल जनकपुरमै छन् । यो सहरको रामायणकालीन सभ्यताले पनि पर्यटनलाई लोभ्याउँछ ।

सिरहाको सलहेश फूलबारी, बालासुन्दरी भगवती, राजदेवी मन्दिर धार्मिक पर्यटनका केन्द्र हुन् । सप्तरीका छिन्नमस्ता, सखडेश्वरी भगवती चर्चित धार्मिक गन्तव्य हुन् ।

पर्सादेखि सप्तरीसम्म रहेका धार्मिक स्थलहरूलाई धार्मिक 'पर्यटन जोन'का रूपमा विकास गरे पर्यटक भित्र्याउन सकिने जानकारहरू बताउँछन् ।

यो प्रदेश चारवटा विमानस्थलले जोडिएको छ । राजधानी जोड्ने मुलुककै छोटो काठमाडौं-निजगढ द्रुतमार्ग र निजगढमा बन्न लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल यो प्रदेशको सबैभन्दा ठूलो सम्भावना हो । मुलुककै आर्थिक केन्द्र पथलैया-वीरगन्ज करिडोर जहाँ हजारभन्दा बढी उद्योग सञ्चालनमा रहेका छन् । मुलुककै आर्थिक केन्द्र वीरगन्ज भन्सार यही छ भने देशकै सबैभन्दा ठूलो चारकोशे झाडी पनि यही प्रदेशमा रहेको छ ।

यहाँ रहेको सम्भाव्यता बुझेर उपयोग गर्न सके र यस प्रदेशमा राज्यले थोरैमात्र मेहनत गर्ने हो भने अन्य प्रदेशको तुलनामा प्रदेश २ बाट पर्यटन व्यवसायले बढी आम्दानी लिन सक्ने अवस्था छ । भौगोलिक सहजताले उद्योग, कलकारखानाका लागि यो प्रदेश उपयुक्त छ भने खेतीयोग्य जमिनको भरपुर उपयोग गर्न सके धनी प्रदेशको रूपमा उदाउन सक्ने प्रशस्त सम्भावना रहेको छ ।

संघीय व्यवस्थामा गएको नेपालमा अहिले यो व्यवस्था धान्ने गरी स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने बहस चुलिएको छ । खासगरी आर्थिक रूपमा आत्मनिर्भर नभइसकेका प्रदेश र स्थानीय तहलाई लामो समय केन्द्रले नै अनुदान दिर्नुपर्ने भए संघीयता नै नटिक्ने हो कि भन्ने आशंका पनि सुरू भएको छ । तर प्रदेश २ ले आफूसँग भएको पर्यटकीय प्रचूरतालाई पनि ध्यान दिने हो भने यसबाट मनग्यै लाभ र फाइदा लिन सक्छ ।

अब 'अतिथि देवो भव'को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ । अब हामीले पर्यटनको पनि संघीय संरचना तयार गर्न सक्नुपर्छ । यसमा जति ढिलाइ हुन्छ, क्षेत्रीय तथा विश्व प्रतिस्पर्धाबाट हामी त्यति नै पछि पर्न सक्छौं ।

## किसुनजीको...

राष्ट्रिय सभामा योग्य ती ३ जनाको नाम सिफारिश गर्नु हुदैन्थ्यो । तर, गरेपनि यो संबैधानिक त्रृटी भयो कि नैतिक वा आचारको सवाल हो ? यो खोजीको बिषय हो ।

देउवा सरकारको त्यस सिफारिश रोकेर राष्ट्रपति महोदयाले आउनेबाला नयाँ सरकारलाई सोही प्रयोजनको अर्को सिफारिशको मौका दिनु भयो । के यो कार्य संवैधानिक हो त ? यस बारेमा शितल निवासले बोल्नु पर्दछ । यदि पंचायती कालका झै शितल निवासले "राजा बोल्दैन, पशुपति सुन्दैन" झै व्यवहार गर्छ भने राष्ट्रपतिको भूमिकामा गम्भीर प्रश्न उठ्छ ।

यदि देउवा सरकारको त्यो सिफारिश संबिधानत: गलत हो भनि शितल निवास बोलेन भने देउवाको सिफारिशका व्यक्ति राष्ट्रपतिलाई मन नपरेको र मुलुकका संबिधानको रक्षाको शपथ लिएको राष्ट्रपति संसदीय खेलमा एमाले सांसदको संख्या मात्र बढाउने फुच्चे खेल खेलेको सवाललाई गलत भन्न सकिन्छ र ? कि त सिफारिश व्यक्ति राष्ट्रपतिलाई मन नपरेको ठहरिन्छ, वा राष्ट्रपति कार्यालय सरकारको कठपुतली भएको ठहरिन्छ ।

अबको सवाल शितलनिवासको मर्यादाको हो । "राष्ट्रपति कहिल्यै गलती गर्दैन" भन्ने संबैधानिक मान्यता बचाई राख्ने आजको सवाल र चिन्ता हो ।

## राष्ट्रियसभामा मधेशी परेनन्

काठमाडौं । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले राष्ट्रियसभा सदस्यमा तीन जनाको नाम सिफारिस गरेको छ जसमा एउटा पनि मधेशी परेनन् । मंगलबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रियसभा सदस्यमा युवराज खतिवडा, रामनारायण बिडारी र विमला पौडेल राईलाई सिफारिस गरेको हो ।

यसभन्दा पहिला पनि एमाले अध्यक्ष ओली नेतृत्वको सरकार हुँदा मधेशी समुदायको प्रतिनिधित्व सांकेतिक रूपमा मात्र देखिएको थियो । अहिले पनि ओली सरकारले नश्लवादी संरचना निर्माण गर्न लागेको भन्ने भान हुन थालेको छ ।

एमाले मधेश विरोधी होइन भन्ने भाषण गरेपनि व्यवहारत: त्यस्तो देखिदैन । एमालेको संरचना पनि समावेशी छैन । विश्वको उत्कृष्ट संविधान भनिए पनि सरकारले संविधानका समानुपातिक समावेशिताको सिद्धान्तलाई उल्लंघन गरेको छ ।

यसअघिका शेरबहादुर देउवा सरकारले कृष्णप्रसाद पौडेल, गोपाल बस्नेत र चाँदनी जोशीलाई राष्ट्रियसभा सदस्यमा सिफारिस गरेको थियो । तर, ओली सरकारले देउवा सरकारको सिफारिसलाई रद्द गर्दै नयाँ सिफारिस गरेको हो ।

# महिलाका लागि अन्तर्देशीय कार्यक्रम चलाउँदैछौं

हाम्रो आगामी योजना भनेको विभिन्न क्षेत्रमा रहेर काम गर्नु हो । धार्मिक, सांस्कृतिक, राजनीतिक जति पनि क्षेत्र छन्, सबैसँग आबद्ध रहेर काम गर्ने सोच बनाएका छौं । समाजमा रहेका कुरीति, कुसंस्कार, अन्धविश्वासलाई हटाउनको लागि पनि कार्यक्रम गर्ने हाम्रो योजना छ किनभने यस्ता यिनीहरूलाई जति सक्दो छिटो समाजबाट हटाउनुपर्ने हुन्छ ।



राधा कायस्थ

केन्द्रीय उपाध्यक्ष, नेपाल-भारत महिला मैत्री समाज तथा नेतृ राजपा नेपाल

**० नेपाल-भारत महिला मैत्री समाजले अहिले के गर्दै छ ?**

– नेपाल-भारत महिला मैत्री समाज आफ्नो स्थापना कालदेखि हालसम्म धेरै काम गरिसकेको छ । खासगरी महिलाको लागि सीप सिकाई तालिमहरू सञ्चालन गरिरहेका छौं । महोत्तरीको मटिहानी, जलेश्वर, फुलहट्टा गरी विभिन्न सात ठाउँमा कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं । सीपमूलक तालिममा सिलाई कटाई, ब्यूटिसियन जस्ता कार्यक्रम रहेका छ ।

**० महिला मैत्री समाजको मूल उद्देश्य के रहेको छ ?**

– हाम्रो मुल उद्देश्य भनेको परापूर्व कालदेखि चलिआएको नेपाल-भारत सम्बन्धलाई अझ प्रगाढ बनाउनु हो । यसको साथ-साथै दुई देशको महिलाको जुन अवस्था छ, त्यसलाई सुधार गर्नु पनि हो । कुनै पनि प्रजातान्त्रिक देशमा जबसम्म महिलाको विकास हुदैन तबसम्म त्यो प्रजातन्त्र सफल हुन सक्दैन । हामी दुई देशको सांस्कृतिक रहनसहन, खानपान पनि मिल्दो-जुल्दो नै छ । त्यसकारण पनि यी दुई देशको सम्बन्ध प्रगाढ हुनु पर्दछ । दुई देशको महिलालाई कसरी विकास गर्ने भन्ने तर्फ पनि हामी लागिरहेका छौं ।

**० महिला सशक्तीकरणको तालिम विशेषगरी भारतमा कति वटा गर्नुभयो ?**

– हामीले भारतमा सीपमूलक सम्बन्धी ३ वटा जति कार्यक्रम गर्‍यौं । हामीले हाम्रो संस्कृतिलाई विशेष ध्यान दिइरहेका छौं । भारतको दिल्लीमा गएर हामीले भव्य कार्यक्रम गर्‍यौं । कुनै पनि देशको अहिलेको प्रभावकारी क्षेत्र भनेको नै राजनीति नै हो । त्यसकारण हामीले जति गरे पनि राजनीतिक प्रभाव परेर बाधा परेको छ । त्यसैले दुवै देशका शीर्ष व्यक्तित्व राखेर पनि हामीले कार्यक्रम गरेका छौं । यस्ता कार्यक्रम हामीले भारतमा मात्रै ६ वटा गरिसकेका छौं ।

**० महिला सशक्तीकरण कार्यक्रममा नेपाल तथा भारत सरकारबाट के कस्ता सहयोग पाउनुभएको छ ?**

– अहिलेसम्म त हामीले नेपाल र भारत दुबै सरकारबाट सहयोग प्राप्त भएको छ । हामीले आफ्नो कोषबाट पनि पनि खर्च गरिरहेका छौं ।

**० तपाईंहरूले सञ्चालन गर्ने कार्यक्रमबाट महिलाहरू कति लाभान्वित भएका छन् ?**

– मेरो विचारमा त महिलाहरू धेरै लाभान्वित भएका छन् । किनभने हामीले सीपमूलक कार्यक्रम सञ्चालनमा ल्याएर उनीहरूको क्षमता अभिवृद्धि गर्दै आएका छौं । महिलाको विकासका लागि सबैभन्दा जरूरी आर्थिक स्तर उकास्नु नै हो । आर्थिक स्तर उकास्न सक्यो भने महिलामा पनि आत्मनिर्भरताको विकास हुन्छ । त्यसकारण हामीले सीपमूलक कार्यक्रमलाई निरन्तर रूपमा सञ्चालनमा ल्याएका हौं । यसका अतिरिक्त १५ जना दलित एवम् जनजाती, निम्नवर्गीय बालिकाहरूलाई निःशुल्क शिक्षाको व्यवस्था पनि गरिरहेका छौं । उनीहरूले जतिसम्म पढ्ने इच्छा गर्छन् त्यतिसम्म पढाइदिने पनि हाम्रो लक्ष्य रहेको छ ।

**० तपाईंहरूले सञ्चालन गरेको कार्यक्रम अहिलेसम्म कति प्रभावकारी भएको पाउनुभएको छ ?**

– हामीले २०१३ मार्च ८ तारिखका दिन स्थापना गरेको संस्था हो । त्यस बेलादेखि अहिलेसम्म धेरै कार्यक्रम गरिसकेका छौं । यो पनि ठूलो उपलब्धी हो हाम्रो ।

**० आगामी योजनाहरू के के छन् ?**

– हाम्रो आगामी योजना भनेको विभिन्न क्षेत्रमा रहेर काम गर्नु हो । धार्मिक, सांस्कृतिक, राजनीतिक जति पनि क्षेत्र छन्, सबैसँग आबद्ध रहेर काम गर्ने सोच बनाएका छौं । समाजमा रहेका कुरीति, कुसंस्कार, अन्धविश्वासलाई हटाउनको लागि पनि कार्यक्रम गर्ने हाम्रो योजना छ किनभने यस्ता यिनीहरूलाई जति सक्दो छिटो समाजबाट हटाउनुपर्ने हुन्छ ।

**० नेपाल-भारत सम्बन्धलाई थप प्रगाढ बनाउन तपाईंको संस्थाले के कस्ता सहयोगात्मक भूमिका निर्वाह गरेको छ ?**

– मलाई लाग्छ यो नेपाल-भारत महिला मैत्री समाजले नेपाल-भारत सम्बन्धलाई थप प्रगाढ बनाउन प्रभावशाली भूमिका निर्वाह गर्दै आएका छ । स्थापना कालदेखि नै विभिन्न किसिमका काम यस संस्थाले गर्दै आइरहेको छ । नेपालमा मात्र होइन, भारतको जनतासँग पनि मिलेर हामीले त्यहाँ कार्यक्रम गरिरहेका छौं । राजनीतिक दलका नेताहरूलाई राखेर कार्यक्रम गर्नु त्यो पनि एक प्रकारको प्रभावकारी काम नै हो ।

**० नेपाल-भारतबीचको सम्बन्धलाई लिएर विभिन्न समयमा नकारात्मक टिप्पणी हुने गरेको छ, यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– यसलाई म स्वभाविक नै मान्छु । किनभने कुनै पनि सम्बन्धमा कुनै समयमा उतार चढाव त आउछन् नै । सधैं समान रूपमा पनि रहन सक्दैन । हाम्रो सम्बन्ध यस्तो किसिमको छ कि नकारात्मक कुरा धेरै समय टिक्न नै सक्दैन ।

**० भारतले विभिन्न समयमा शिक्षा, स्वास्थ्य, यातायात लगायतका क्षेत्रमा सहयोग गर्दै आइरहेको छ, यसलाई नेपाल सरकारले कस्तो रूपमा लिएको छ ?**

– सकारात्मक रूपमा नै लिएको छ ।

**० भारतले सीमा मिच्यो, राजनीतिक हस्तक्षेप गर्‍यो भन्ने कुराहरू पनि बारम्बार आइरहन्छ, यसमा तपाईंलाई के लाग्छ ?**

– एउटा कुरा म के भन्न चाहन्छु भने हाम्रो संस्था राजनीतिक संस्था होइन यो शुद्ध सामाजिक संस्था हो । त्यसैले हाम्रो संस्थालाई राजनीति विषयमा टिप्पणी गर्न चाहदैन ।

**० राजनीतिमा महिलाको अवस्था कस्तो देख्नुहुन्छ ?**

– राजनीतिमा महिलाको अवस्थाको बारेमा सोध्नुहुन्छ भने त १० वर्ष पहिले महिलाको स्थिति र अहिलेको स्थितिमा धेरै परिवर्तन आइसकेको छ । पहिलाभन्दा त अहिले महिलाहरू धेरै अगाडी आइ सकेको छन् । महिलाको जति सहभागिता हुनुपर्ने हो त्यति सहभागिता अहिले छ ।

**० राजनीतिक क्षेत्रमा महिलाको आरक्षण सिट भनेर राख्ने गरिन्छ, महिलाको सहभागिता पूरा गर्नकै लागि मात्र महिलालाई यस्तो गरिएको हो ?**

– हो । पूर्ण रूपमा भने होइन, आशिंक रूपमा भने त्यसो गरिएकै हो ।

**० निर्वाचनमा समेत महिलालाई प्रत्यक्षतर्फ टिकट नदिई सहभागिता गराउनुपर्छ भनेर मात्र समानुपातिक तर्फ बढि सिट दिइयो, यस्तो किन भएको होला ?**

– मलाई के लाग्छ भने राजनीतिक भनेको पुरूषहरूको धारमा छ । अझ खासगरी मधेशीहरूको सवालमा । यदि संविधानमा बाध्यात्मक रूपमा महिलाको सिट राखिदैनथ्यो भने यो पनि हुने थिएन ।

**० तपाईंको पार्टीमा महिलाको अवस्था कस्तो छ ?**

– पहिलाको अवस्थाको भन्दा त राम्रो नै छ । धेरै महिला घरबाट बाहिर निस्केर राजनीतिकमा रहेका छन् । देशको, समाजको लागि केही गर्नुपर्छ भन्ने चेतना महिलामा आइसकेको छ । अहिलेको महिलाको अवस्था देख्दा महिलाप्रति म पूर्ण आशावादी छु ।

**० तपाईंको पार्टीले महिलालाई कति स्थान दिएको छ ?**

– मेरो पार्टीले त प्रत्यक्ष तर्फको निर्वाचनमा एक जना पनि उठाएन । प्रदेशसभामा भने बाध्यात्मक परिस्थिति भएकोले मात्र महिलालाई उठाएको हो ।

**० तपाईंको पार्टीले परिवारवादलाई प्राथमिकतामा राख्यो भनेर आरोप पनि आउने गरेको छ, यसमा के भन्नुहुन्छ ?**

– यो पूर्ण रूपमा सत्य होइन तर आशिंक सत्यता भने अवश्य छ ।

**० केन्द्रीय सरकार बनिसकेको अवस्थामा राजपा अब सरकारमा सहभागि हुने कि नहुने ?**

– राजपाको जुन मागे छ, संविधान संशोधन । त्यो माग पहिले पूरा हुनुपर्छ ।

**० विगतका दिनमा संविधान संशोधनको विरोधमा रहेको नेकपा एमाले अहिले संशोधन गर्छु भनिरहेको छ, के एमालेले संविधान संशोधन गर्छ त ?**

– राजनीतिमा कुनै पनि कुरा स्थायी हुदैन । हिजो नभएको कुरा आज हुन पनि सक्छ । त्यसकारण आशा राखौं, उसले संविधान संशोधन गर्न सक्छ ।

**० संविधान संशोधनप्रति एमाले लचिलो हुनुको कारण के लाग्छ ?**

– एक त हाम्रो माग जायज पनि हो । संविधान संशोधन भन्ने कुरा सबैको लागि हो । त्यसकारण हाम्रो माग जायज लागेर पनि एमाले लचिलो भएको हुनुपर्छ ।

# शहीदलाई पैसामा तौल्नुभन्दा उनका परिवारलाई व्यवस्थापन गर्नुपर्छ

वि.सं. २०७२ सालमा आन्दोलन भइरहँदा तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले यस्तो प्रतिबद्धता जनाएको थियो । त्यहींअनुसार प्रदेश सरकारले शहीद परिवारका योग्य र सक्षम व्यक्तिहरूलाई प्रदेशका अंगहरूमा समावेश गराउनुपर्छ । त्यसैले, शहीद परिवारलाई पैसामा तौल्नुभन्दा पनि कसरी सधैंका लागि व्यवस्थापन गर्न सक्छौं त्यो चुनौती हो ।



जयराम यादव

प्रदेश नं. १ का संसदीय दलका नेता संघीय समाजवादी फोरम नेपाल

**० प्रदेश १ मा संघीय समाजवादी फोरम नेपालको भूमिका कस्तो रहन्छ ?**

– प्रदेश नं. १ मा संघीय फोरमको तीन जना प्रदेशसभा सदस्य छन् । यहाँ एमालेको सरकार बनेको छ भने प्रमुख प्रतिपक्षको रूपमा नेपाली काँग्रेस रहेको छ । आगामी प्रादेशिक संसदको बैठकमा हामीले आफ्ना कुराहरू राख्ने छौं । शहीदको बलिदानीपश्चात् मुलुकमा संघीयता कार्यान्वयन हुँदैछ । यो हाम्रो लागि चुनौतीका साथै अवसर पनि हो । त्यसैले हामी सक्रियता र सतर्कतापूर्वक अगाडि बढ्नुपर्छ ।

**० प्रदेश १ मा तपाईंहरू सरकारलाई समर्थन गर्नुहुन्छ कि प्रतिपक्षमा बस्नुहुन्छ ?**

– प्रतिपक्षमा त नेपाली काँग्रेस नै रहन्छ । सरकारले राम्रो निर्णय गर्‍यो भने समर्थन गर्छौं र हामीलाई चित्त नबुझ्ने निर्णय गर्‍यो भने त्यस्ता कुरालाई आलोचनाका साथ अगाडी बढ्छौं ।

**० प्रदेश नं. १ मा प्रमुख समस्याहरू के-के छन् ?**

– सिंहदरबारमा रहेका अधिकार अहिले गाउँ-गाउँमा पुगेको छ । अहिलेको सीमांकनलाई आधार मानेर जाने हो भने पहिला त हाम्रो विकास निर्माणका कुराहरू नै छन् । यस्तै, संघीयता कार्यान्वयनका पनि चुनौती र अवसर दुवै छन् । अहिले अस्थायी राजधानी तोकिएको छ, यसलाई स्थायी राजधानीमा कसरी परिणत गर्ने लगायतका चुनौतीहरू पनि छन् । विकासको सवालमा खास गरी प्रदेश नं. १ मा शिक्षा, स्वास्थ्य, सडक, उद्योगधन्दालाई हामीले विशेष रूपमा ध्यान दिनुपर्छ ।

**० यस प्रदेशमा विकासका पूर्वाधारहरू के-के छन् ?**

– यही प्रदेशमा दुईटा अन्तर्राष्ट्रिय सीमा छन् । ड्राईपोर्ट निर्माणको कार्य पनि अगाडि बढाइएको छ । यहाँ रेल्वेका ट्र्याकहरू अगाडि बढिरहेको छ । पर्यटनका हिसावले विराटनगरमा राजा विराटको दरबारलाई संरक्षण गर्नुपर्छ । यो प्रदेशमा रहेका सगरमाथा, कञ्चनजंघालगायत विभिन्न पर्यटकीय क्षेत्रहरू रहेका छन् । जडिबुटीका अपार श्रोतहरू छन् । जलका स्रोत पनि छ, जसलाई सदुपयोग गरेर बिजुली उत्पादन गर्न सकिन्छ । यहाँ एउटा अन्तर्राष्ट्रिय मार्गको पनि कुरा भइरहेको छ । यहाँका व्यापारी उद्योगीहरूको माग के छ भने उता चीनको किमाथांका र भारतको जोगबनीसम्म यातायातको व्यवस्था भयो भने व्यापारिक दृष्टिकोणले राम्रो हुन्छ । यो प्रदेशस्तरीय कुरा भए पनि विषय चााही राष्ट्रिय हो । प्रदेश नं. १ को आर्थिक समृद्धि र विकासका धेरै नै सम्भावनाहरू छन् । यस सम्भावनालाई प्रदेश सरकारले इमान्दारीका साथ काम गर्‍यो भने यो पाँच वर्षमा देशकै नं. १ प्रदेशमा आउन सक्छ ?

**० प्रदेश नं. १ को सरकारको प्राथमिकतामा के-के हुनुपर्ने जरूरी छ ?**

–अहिले प्रदेश सञ्चालनका लागि आवश्यक नीति नियम बनाएर अगाडि बढ्ने हाम्रो मुख्य दायित्व रहेको छ । सरकारले विकास निर्माणकै गतिलाई तीव्र बनाउनुपर्छ । यस्तै, विभेदका सवाल छन् त्यसलाई अन्त्य गर्दै संविधानमा रहेका समानुपातिक समावेशितालाई सुनिश्चितता हुनुपर्छ । यो प्रदेशमा रहेका मधेशी, आदिवासी जनजाति, दलित, महिला, अल्पसंख्यक, मुस्लिम, खसआर्यलगायतका जुन कलस्टर छन्, त्यसअनुसार सबैले अवसर पाउनुपर्छ ।

**० प्रदेश नं. २ जसरी मन्त्रिपरिषद्को पहिलो बैठकले नै शहीद परिवारका एक जनालाई रोजगारी दिने घोषणा गरेको छ, त्यसरी नै प्रदेश १ मा मधेश आन्दोलनका शहीदका लागि के कस्तो पहल गर्दै हुनुहुन्छ ?**

– प्रदेश २ मा आन्दोलनकारी दलहरू संघीय समाजवादी फोरम र राजपा नेपालकै सरकार बनेको छ । उनीहरूकै सरकार रहेकोले मन्त्रिपरिषद्को बैठकबाट यस्तो निर्णय गर्न सजिलो भएको हो । यो एकदम सराहनीय निर्णय हो । तर प्रदेश नं. १ को हकमा फोरम नेपालको मात्र उपस्थिति छ, राजपाको एउटा पनि सिट छैन । यहाँको सरकार एमालेको नेतृत्वमा छ । जहाँसम्म शहीदको कुरा छ मोरङ जिल्लाबाट मधेश आन्दोलनमा ९ जना शहीद भएका छन् भने सुनसरीबाट २ जना छन् । त्यसका बारेमा हामीले अहिलेसम्म औपचारिक रूपमा मन्त्रिपरिषद्को निर्णयबाट जानकारी आएको छैन । सरकारले गरे पनि नगरे पनि, हामी यसका लागि संसदमा आवाज उठाउँछौं । वाम गठबन्धनकै सरकार भए पनि आज ती शहीदहरूको बलिदानीका कारण नै आज हामी संघीयता, गणतन्त्र र समानुपातिक समावेशिता प्राप्त गरेका छौं । तसर्थ, शहीदहरूलाई दलगत भागवन्डा गर्नुभन्दा पनि यहाँको सरकारले सम्बोधन गर्न सक्नुपर्दछ ।

**० तपाईंहरूको एजेन्डाप्रति प्रदेश १ को एमाले नेतृत्वको सरकारको कस्तो धारणा छ ?**

– अहिले भर्खर मन्त्रिपरिषद् गठन भएको छ । फागुन १४ गतेसम्मका लागि संसदको बैठक स्थगित भएको छ । प्रदेशसभाको अर्को बैठक बसेपछि नै केही कुराहरू अगाडि बढ्ने छ । अहिले त सुरूवाती अवस्था हो । अहिलेसम्म हामी पनि कुनै प्रस्ताव लिएर अगाडि बढेका छैनौं । तर, सरकार सकारात्मक रूपमा अगाडि बढ्नु पर्छ ।

**० आन्दोलनका बेला तपाईंहरूले मधेशी शहीदका परिवारलाई प्रदेश सरकारबाट ५०-५० लाख उपलब्ध गराउने भन्ने प्रतिबद्धता जनाउनु भएको थियो, यस विषयमा के धारणा छ ?**

– वि.सं. २०७२ सालमा आन्दोलन भइरहँदा तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले यस्तो प्रतिबद्धता जनाएको थियो । त्यहींअनुसार प्रदेश सरकारले शहीद परिवारका योग्य र सक्षम व्यक्तिहरूलाई प्रदेशका अंगहरूमा समावेश गराउनुपर्छ । त्यसैले, शहीद परिवारलाई पैसामा तौल्नुभन्दा पनि कसरी सधैंका लागि व्यवस्थापन गर्न सक्छौं त्यो चुनौती हो । यो कुरामा प्रदेश २ को सरकार अगाडि बढेको छ । यस्तै प्रदेश १ को सरकारले पनि गर्नुपर्छ ।

**० अब केन्द्रको कुरा गरौं, तपाईंको पार्टी संघीय फोरम सरकारमा जाँदैछ नि ?**

– यस विषयमा हाम्रा पार्टीका राष्ट्रिय अध्यक्ष, वरिष्ठ नेताहरूले बैठक बसी निर्णय गर्नुहुन्छ ? अहिले औपचारिक रूपमा सरकारमा गई नै हाल्ने भन्ने कुरा छैन । तर, हाम्रा असन्तुष्टिहरूलाई राज्यले सम्बोधन गर्ने गरी अगाडि बढ्यो भने पार्टी सरकारमा जानुपर्छ ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीसँग तपाईंका पार्टी अध्यक्ष उपेन्द्र यादवले भेटेर छलफल गर्नुभएको छ, यसमा के भन्नुहुन्छ ?**

– केपी शर्मा ओली यो देशको प्रधानमन्त्री हुनुहुन्छ । जनप्रतिनिधिका नाताले आफ्ना कुरा राख्न यस्ता भेटघाट भइरहन्छ । आफ्ना एजेन्डा सम्बोधनका लागि भेटघाट गर्नु आवश्यक छ ।

**० नेकपा एमाले जसरी पछिल्लो समयमा संविधान संशोधनप्रति सकारात्मक देखिएको छ, यसमा माग सम्बोधन हुनेमा कति आशावादी हुनुहुन्छ ?**

– यो सरकार इमान्दार भइदियो भने स्वाभाविक रूपले संविधान संशोधन हुन्छ । यी जिम्मेवार दलहरू एकभएर अगाडि बढ्यो भने दुई तिहाइले संविधान संशोधन हुन्छ । यसमा एमाले र माओवादीको इमान्दारितामा भर पर्छ ।

**० संविधान संशोधनको कडा रूपमा विरोध गर्दै आएको एमाले यतिबेला लचिलो हुनुको कारण के लाग्छ ?**

– यो स्वाभाविक हो, समय परिवर्तनशील हुन्छ । हिजो एमालेका नेताहरूले दिएका वक्तव्यहरूलाई आजको दिनमा सुधार गरेर अगाडि बढ्नुहुन्छ भने यसलाई हामीले सकारात्मक रूपमै लिनुपर्छ ।

**० एमालेले प्रतिबद्धता जनाएकै भरमा तपाईंहरू सरकारमा जानुहुन्छ ?**

– जबसम्म अहिले सरकारको नेतृत्व गरिरहेको पार्टीले प्रतिबद्धता जनाउँदैन, हामी सरकारमा जानुको कुनै औचित्य रहँदैन ।

**० यसभन्दा पहिलाका सरकारहरूले पनि प्रतिबद्धता जनाएकै थिए, तर माग त सम्बोधन भएनन । फेरि प्रतिबद्धताकै आधारमा विश्वास गर्ने ठाउँ छ ?**

– लिखित रूपमा प्रतिबद्धता जनाइसके पछि ती प्रतिबद्धताहरू पूरा गर्छन् कि गर्दैनन् त्यो पछिको कुरा हो । पहिला प्रतिबद्धता आउनु पर्‍यो । हाम्रो मागहरू सम्बोधन गर्‍यो भने सरकारमा जानुपर्छ । हामीले उठाएका मागलाई यदि सम्बोधन गर्‍यो भने राम्रो कुरा हो ।

**० अब तपाईंहरूको आगामी एजेन्डाहरू के-के छन् ?**

– हामी विभेद र बहिष्करणमा परेका छौं । संविधानका कुरा जनताले कसरी अनुभूति गर्ने, त्यसलाई कसरी कार्यान्वयनको दिशामा अगाडि लैजाने, समाजका पछौटेपनलाई कसरी हटाउने लगायतका हाम्रा मुख्य सरोकारका विषय हुन् ।

# गरिबका नाममा ब्रह्मलुट, अर्बौं स्वाहा

काठमाडौं । नेपाल सरकारको एक अध्ययन अनुसार २०६८ सालमा ६१ लाख ४४ हजार ८ सय ७५ जना नेपाली गरिबीको रेखामुनि थिए । भर्खरै राष्ट्रिय योजना आयोग र अर्क्सफोड विश्वविद्यालयको अध्ययन अनुसार, हाल उल्लेखित संख्याभन्दा बढेको छ । अर्थात् त्यतिबेला २३ प्रतिशत गरीब रहेको नेपाल अहिले २९ प्रतिशत पुगेको छ ।

आर्थिक मात्र होइन सामाजिक पक्षलाई पनि गरिबीको मापन मान्नुपर्ने भनेपछि गरिबीको प्रतिशत बढेको हो । तर, नेपालमा गरिबी निवारणका नाममा अर्बौं रकम खर्चिएको छ । तर, प्रतिफल भने बढेको छैन । हरेक मन्त्रालयमा गरिबी निवारणका नाममा कार्यक्रम सञ्चालन छन् । तर, ती मन्त्रालयको प्रतिफल के भन्ने प्रश्न उठेको छ । गरिबी घट्नुको सट्टा बढ्दा ती मन्त्रालयहरूको परियोजनामाथि नै प्रश्न उठेको छ ।

गरीबका नाममा सञ्चालित कार्यक्रम

गरिबी निवारण तथा सहकारी मन्त्रालय अन्तर्गत पश्चिमी उच्च पहाडी गरिबी निवारण आयोजना: पश्चिम नेपालका ८ वटा जिल्ला रूकुम, रोल्पा, कालिकोट, जाजरकोट,बझाङ,बाजुरा, दैलेख र हुम्ला जिल्लामा कार्यक्रम सञ्चालन भइरहेको छ । ५ फेव्रूअरी सन् २००२ बाट यो कार्यक्रम सुरू भएको हो ।

गरीब घरपरिवार सहयोग समन्वय बोर्ड सचिवालय ः देशभरी रहेका गरीबहरूको पहिचान गर्ने र उनीहरूलाई परिचय पत्र वितरण गर्ने उद्देश्यले सचिवालयको २०६९ सालमा गठन भएको हो । सचिवालयले अहिले २५ जिल्लाका गरीब घरपरिवारको पहिचान गरेको छ । तर, पहिचान भएका गरीबले केही पनि सुविधा पाएका छैनन् । गरीबसँग विश्वेश्वर कार्यक्रम ः गरिबी निवारणका लागि स्थानीय विकास मन्त्रालयमा सञ्चालनमा रहेको यो कार्यक्रमले गरिब परिवारलाई बाख्रा, भैंसी वितरणलगायतका कार्यक्रम गर्दै आएको छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष : कोषले १८ देखि ५० बर्ष उमेरका वेरोजगार युवालाई स्वरोजगार बनाउन लगानी गर्दै आएको छ । कोषले अहिलेसम्म ३ अर्ब ४५ करोड ८७ लाख रूपैयाँ लगानी गरेको छ । योजना आयोगका अनुसार नेपालमा वर्षमा ५ लाख १२ हजार युवा श्रम बजारमा आउछन् ।

प्रधानमन्त्री कार्यालय अन्तर्गत

गरिबी निवारण कोष: विश्व बैंकको सहयोगमा नेपालको गरिबी निवारण गर्न सन् २००३ मा कोषको स्थापना भएको हो । अहिले कोषले ५५ जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको छ । कोषको बजेट करीब साँढे ३ अर्ब रूपैयाँ छ ।

स्थानीय विकास मन्त्रालय अन्तर्गत

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग कृषि क्षेत्रको दीर्घकालीन योजना बमोजिम कृषि सडक निर्माण गरी स्थानीयस्तरमा उत्पादन र बजारको विकास गर्ने उद्देश्यले सुरू गरिएको कार्यक्रम हो । यो कार्यक्रम २०६१ सालबाट सुरू भएको हो ।

नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम: गरिवी निवारणका लागि दीर्घकालीन नीतिमा आधारित कार्यक्रम हो । उत्पादनशील पूर्वाधार विकासबाट ग्रामीण परिवारको खाद्य सुरक्षामा जोड दिने यो कार्यक्रम २१ जिल्लामा सन् २८ जनवरी २००९ देखि १५ जुलाई २०१४ सम्म सञ्चालित थियो । विश्वबैंकको सहयोग निकायको रूपमा रहेको यस कार्यक्रमको ४ अर्ब ६६ करोड ८५ हजार रूपैयाँ रहेको थियो ।

ग्रामीण खानेपानी तथा सरसफाई आयोजना: ७५ वटै जिल्लामा सञ्चालित युनिसेफको सहयोग रहेको यो कार्यक्रमले मुलत: खुला दिशामुक्त क्षैत्र अभियानमा सहयोग गर्छ । २०७०/०७१ बाट खानेपानी तथा सरसफाईको पहुँच ग्रामीण समुदायमा विस्तार गर्ने उद्देश्यले संचालन हुँदै आएको यस आयोजनाबाट खानेपानी तथा ढल विकास विभागबाट मन्त्रालयमा सरेको हो ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना: सुदूरपश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका १० जिल्लामा फिनल्याण्डको सहयोगमा आ.ब. ०६७/०६८ देखि कार्यक्रम संचालन हुँदै आएको छ । यसले स्थानीयको जीवनस्तर सुधारका लागि जलमा आधारित खानेपानी, सिंचाई, सुधारिएको घट्ट, लघु जल विद्युत योजना कार्यान्वयन गर्ने, जलउपयोग योजना तर्जुमा, समुदायको क्षमता विकास र सरसफाईमा सहयोग गर्ने काम गर्दै अँएको छ ।

ग्रामीण पुनर्निर्माण तथा पुनस्थापना आयोजना: ग्रामीण पहुँचमा सुधार गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले सन २००८ जनवरी १४ देखि सन २०१२ डिसेम्वर ३१ सम्म संचालनमा थियो । यस आयोजनाबाट आ.ब. २०७०/७१ मा २० जिल्लामा सडक लगायत अन्य पूर्वाधार निर्माण र थप १८ जिल्लामा झोलुङ्गेपुल लगायत अन्य पूर्वाधार निर्माण गर्ने जस्ता क्रियाकलापहरू संचालन भएको थियो । नेपालको २० जिल्ला समेटेको यस कार्यक्रमको सहयोगी निकायको रूपमा एशियाली विकास बैंक, डीएफआईडी र स्वीस सहयोग नियोग रहेका छन ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति: दलित वर्गको आर्थिक, शैक्षिक तथा सामाजिक विकासको लागि आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने उद्देश्यले २०५४ सालदेखि निरन्तर कार्यक्रम संचालन गर्दै आएको छ । दलित समुदायका आधारभूत तथ्यांक, दलित छात्रवृत्ति, सचेतना अभिवृद्धि र क्षमता विकास जस्ता क्रियाकलाप संचालन गर्ने गरेको छ ।

पिछडिएको समुदाय उत्थान विकास समिति: पिछडावर्ग, जातहरूको सर्वपक्षीय उन्नतिका लागि कार्यक्रम गर्नेगरी २०६४/०६५ सालबाट सुरू भएको हो । उसले मुलत: आधारभूत तथ्यांक, क्षमता विकास,नीतिगत सुधारका र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम: 'ग्रामिण पूर्वाधार रोजगारी र उन्नतिको आधार' भन्ने नारासहित स्थानीय स्तरका पूर्वाधारको निर्माणबाट रोजगारी सिर्जना गर्ने उद्देश्य राखेको छ । यो २०६५ बाट सुरू भएको कार्यक्रम हो ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम: कृषि तथा स्थानीय स्तरका सडक निर्माण तथा सुधारमा स्थानीयलाई संलग्न गराई रोजगारको अवसर वृद्धि गर्ने र गरिवी न्यूनीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले आ.ब. ०३३/०३४ देखि सुरू भएको हो ।

ग्रामीण पहुँच कार्यक्रम: सडक निर्माण र सामुदायिक पूर्वाधार विकासबाट विपन्न तथा पिछडिएका व्यक्तिको जीवनस्तर उकास्ने यस कार्यक्रमको उद्देश्य हो । सेप्टेम्बर २०१३ बाट सुरू आयोजना खोटाङ, भोजपुर, संखुवासभा, तेह्रथुम, अछाम, दैलेख र डोटी जिल्लामा सञ्चालनमा छ ।

ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीत परियोजना: ग्रामीण जनताको यातायात पहुँचमा सुधार गर्दै सामाजिक सेवाहरू र आर्थिक अवसरहरूबाट तक्षित समूहलाई लाभान्वित गराउने उद्देश्यले आ.ब. ०६२/०६३ देखि आ.ब. ०७०र७१ सम्म संचालन भएको यस आयोजनाले आ.ब २०७०/७१ मा ३० जिल्लामा सडक संजाल विस्तार गरी ग्रामीण पहुँच सुधार गर्ने, थप १८ जिल्लामा झोलुङ्गे पुल कार्यक्रम जारी राखेको छ । आईडीए तथा विश्व बैंक सहयोगी निकायको रूपमा रहेको र नेपालको ३० जिल्ला समेटेको छ ।

विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजना: सामाजिक तथा वित्तीय पूँजीमा वृद्धि गरी ग्रामीण गरिवी न्यूनीकरण गर्दै समुदायमा आधारित साना पूर्वाधारहरूमा लगानी गरी रोजगारीको स्थितिमा सुधार गर्दै विकास निर्माणका कार्यमा ग्रामीण समुदायलाई क्षमतावान वनाउने उद्देश्यले आ.ब. ०६८/६९ देखि संचालन हुदै आएको यस आयोजनाले सडक निर्माण, जीवीकोपार्जन उपयोगी कृयाकलाप, सशक्तिकरण र जिविसको क्षमता विकास जस्ता क्रियाकलापहरू संचालन गर्ने गर्दछ । ADB, SDC, DFID सहयोगी निकायको रूपमा रहेको र नेपालको १८ जिल्ला समेटेको छ ।

दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम: दुर्गम तथा उत्तरी क्षेत्रका २२ जिल्लाको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि विभिन्न सरकारी एवं गैह्रसरकारी संस्थाहरूसंग समन्वयात्मक कार्यक्रम संचालन गर्दै आएको छ ।

कर्णाली रोजगार कार्यक्रम: कर्णाली अञ्चलका जिल्लामा सय दिनको रोजगारी उपलब्ध गराई गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले आ.ब.०६३/०६४ देखिबाट २५ करोड ९६ लाख १० हजार रूपैयाँ फिनल्याण्ड सरकारको सहयोग गरेको थियो । यसै बर्ष डीएफआईडीले करीब ८ अर्ब रूपैयाँ दिएको छ ।

स्थानीय अग्रसरतालाई नया ज्ञान र सीपसंग जोड्ने कार्यक्रम: मध्य र सुदूरपश्चिम क्षेत्रका समुदायको सामाजिक आर्थिक क्रियाकलापबाट जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले सन १९९७ देखि संचालन हुँदै आएको छ । ५०० वटा उत्पादन समुहरूको क्षमता विकास, उत्पादन एवं व्यवसायिक योजना निर्माण र कार्यान्वयन, ११ हजार साना किसानहरूको बजारसगको पहुँचमा वृद्धि र थप ४० वटा कृषक व्यवसाय पाठशाला सञ्चालन गरेको थियो । नेपालको ४ जिल्ला समेटेको यस कार्यक्रमको सहयोगी निकाय ज्भिख्ल्त्ब्क् रहेको छ ।

जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम: अछाम, दैलेख, जाजरकोट, कालिकोट, दोलखा, रामेछाप, ओखलढुङ्गा र खोटाङ्ग जिल्लामा ग्रामीण क्षेत्रमा रहेका साना किसानहरूको खाद्य सुरक्षामा सुधार पुऱ्याउने उद्देश्यले सन २००९ अगष्ट संचालन हुँदै आएको छ । यस कार्यक्रमले १५० वटा सिंचाइ योजनाको निर्माण कार्य सम्पन्न गरी ७ हजार ५ सय घर धुरीको १ हजार १ सय ४५ हे. जमिनमा सिंचाइ सुविधा पुर्याउने गरी नेपालको ८ जिल्ला समेटेको यस कार्यक्रमको लागत रू. ९० करोड ६० लाख १० हजार रहेको छ ।

सुनौला हजार दिन: एक हजार दिनसम्मका बालबालिकाहरू र महिलाहरूको पोषण स्थितिमा सुधार ल्याउने उद्येश्यले सन २०१३ देखि संचालन हुँदै आएको छ । यस कार्यक्रमको सहयोगी निकायको रूपमा क्ष्म्ब् रहेको छ । यसको बजेट बार्षिक ४ अर्ब रूपैयाँ रहेको छ ।

सहरी मन्त्रालय अन्तर्गत

जनताको आवास कार्यक्रम: विपन्न र गरीब परिवारका लागि बस्ने व्यवस्था गर्न यो कार्यक्रम सञ्चालनमा छ । यसै आर्थिक बर्ष सरकाले दलित, विपन्न, मुस्लिम, चेपाङ, राउटे, गन्धर्व वादी वनकरिया, सुरेल थामीलगायतका २० हजार परिवारको आवास बनाउन १ अर्ब ७२ करोड विनियोजन गरेको छ ।

अन्य कार्यक्रम

गरिबी निवारणका लागि लघु उद्यम विकास: सीपमूलक तालिम प्रदान गरी क्षमता विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा रहेको अर्थ मन्त्रालयको आर्थिक सर्भेक्षणमा उल्लेख गरेको छ । तर यो कार्यक्रमले कहाँ कति कार्यक्रम सञ्चालन गऱ्यो भन्ने प्रष्ट छैन । गरीबका नाममा ३५ अर्ब बजेट बालुवामा पानी सरह भएको आंकडाले नै देखाउछ । (साँघुन्यूज डटकमबाट साभार)

**प्रत्यक्ष गरिबी निवारणमा खर्चिरहेको रकम**

उन्नति : विश्वबैंकको नेतृत्वमा ५ अर्ब ७ करोड रुपैयाँ ।
गरिबी निवारण कोष : ३ अर्ब ५५ करोड रुपैयाँ ।
गरिबी तथा सहकारी मन्त्रालय : करीब २ अर्ब रुपैयाँ
आईएनजीओमार्फत: १९ अर्ब ५६ करोड ५३ लाख ८६ हजार रुपैयाँ ।
युवा स्वरोजगार कोष: ३ अर्ब ४५ करोड ८७ लाख
जनता आवास कार्यक्रम: १ अर्ब ७२ करोड रुपैयाँ ।
करीब ३५ अर्ब रुपैयाँ
(स्रोत : अर्थ मन्त्रालय, समाज कल्याण परिषद र बजेट)

# रूपन्देहीमा हेल्थ वाटर किङ्डम सञ्चालन

**चन्द्रकान्त खनाल,** रूपन्देही । रूपन्देहीको मंगलापुरमा लुम्बिनी हेल्थ वाटर किङ्डम प्रा लि सुरू भएको छ । २ करोड भन्दा बढी रकम लगानीबाट निर्माण शुरू गरिएका यो राजधानि बाहिरको पहिलो भएको छ ।

४४ कट्ठा क्षेत्रफल मा निर्माण गरिएको यो पार्कमा ६१ जना लगानीकर्ताहरू रहेका छन । उक्त किङ्डममा हाल सम्म वेभ पुल, २ वटा एडल्ट्स पुल, ३ वटा किड्स पुल, स्लाईडरहरू, रेन्बो, फुटसल, आदिको निर्माण पुरा गरी सञ्चालन थालिएको छ । आन्तरिक तथा बाहय पर्यटनप्रबधनलाई फाईदा पुराउने उदेस्यले संञ्चालनमा ल्याईएको अध्यक्ष गोपाल बहादुर पोखेलले वताए ।

पोखेलले रूपन्देही जिल्ला व्यापारिक केन्द्र भएकाले र ५ न प, दे शका राजधानी बुटवल भएकाले पनि जल सम्बन्धि मनोरन्जनको स्थानले महत्व पाउने र यसले मनोरन्जन मात्र नभई स्वास्थ्यका लागि पनि महतवपूर्ण भूमिका खेल्ने वताए । उक्त स्थानमा रेस्टुरेन्ट, म्युजमेन्ट, वाटरवडी, रेनडान्स आदि निर्माणाधीन अबस्थामा रहेको अर्को संञ्चालक माधव नेपालले बताए ।




नेपालका अनुसार वाटर पार्कमा रहने रेस्टुरेन्टमा सबै परिकार शाकाहारी रहेका छन भने वाटर पार्कमा बालबालिका, युवा युवती तथा जुनसुकै उमेरका व्यक्ति रमाउन सक्ने ब्यबस्था रहेको नेपालको भनाई छ ।

वाटरपार्कमा एकपटकमा करिब १५ सय जनाले सेवा लिन सक्ने अर्को संचालक कृष्ण प्रसाद खनालले बताए उनले विदेशमा स्वास्थ्यका लागि वाटर पार्क निकै प्रभाबकारी मानिने र यसले स्वच्छ रहन र व्यायामको भूमिका पनि निर्वाह गर्ने भएकाले यो कन्सेप्ट ल्याई आफूहरूले पार्क संचालनमा गरेको बताए ।

२० जनाले अहिले नै रोजगारी पाएको खनाले बताए । उक्त वाटर पार्कसंञ्चालनमा यसक्षेत्रका उद्योगी वैकर कलेका अध्यक्ष होटल ब्यबसायी लगायतका प्रबुध रहेको छन् ।

## मधेश अपडेट

### वीरगन्जमा मुख्यमन्त्रीलाई ११ किलोको माला



वीरगन्ज । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई वीरगन्जमा ११ किलोको फुलको माला लगाई स्वागत गरिएको छ । मंगलबार वीरगन्ज उद्योग वाणिज्य संघले वीरगन्जमा सम्मान कार्यक्रमको आयोजना गरी ११ किलोको मालाले मुख्यमन्त्री राउतलाई स्वागत गरिएको हो । सो कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले प्रदेश २ मा कानून व्यवस्था र सुशासन कायम गर्न प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जाहेर गरेका छन् । उनले विकास र समृद्धिका लागि शान्ति र सुशासन पहिलो शर्त रहेकाले प्रदेश नं २ मा सुशासन कायम गरी विकास र समृद्धि हासिल गर्ने प्रदेश सरकारको मुख्य लक्ष्य रहेको बताए । कार्यक्रममा प्रदेश २ का भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनलले सरकारको पहिलो प्राथमिकता सुशासनलाई कायम गर्नु रहेको बताए ।

### सीमानाकामा बृहत् सरसफाई

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको नेपाल-भारत सिमाना क्षेत्र मर्यादपुर (खुनुवा) क्षेत्रमा बृहत रूपले सरसफाइ गरिएको छ । सफाईका अभियानमा भारतीय एस.एस.बी र प्रहरी तथा नेपालका सशस्त्र प्रहरी बल र प्रहरी जुटेका छन् । सोमबार प्रजातन्त्र दिवसको अवसरमा कपिलवस्तु जिल्लाको सीमानाका मर्यादपुर (खुनुवा) को सीमा क्षेत्रमा संयुक्त सीमा सरसफाई अभियानअन्तर्गत सरसफाई गरिएको हो । सशस्त्र प्रहरी, भारतीय एसएसबी, प्रगति महिला किसान सेवा समिति खुनुवा र स्थानीयको सहभागितामा सीमा नाकामा सरसफाइ गरिएको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट ( बि.ओ.पी. ) मर्यादपुर खुनुवाको स.प्र.नि. अमृत बहादुर दुलालले बताए । नेपाल-भारत सीमा क्षेत्रमा फालिएको फोहोरको दुर्गन्धबाट नेपाल र भारतीय नागरिकसमेत प्रभावित भएपछि सरसफाई अभियानलाई तिव्रता दिइएको उनले बताए ।

### रौतहटमा उपमेयर क्लब गठन

रौतहट । रौतहट जिल्लामा शनिबार भएको १८ स्थानीय तहका उपमेयरहरूको भेलाबाट उपमेयर क्लब रौतहट शाखा गठन भएको छ । १८ वटा नगर तथा गाउँपालिका प्रमुखहरू मिलेर मेयर क्लब गठन गरे पश्चात् उपप्रमुखहरूले पनि उपमेयर क्लब गठन गरेको हो । गौर नगरपालिका कार्यालयको सभाहलमा सम्पन्न भेलाबाट गौर नगरपालिकाको उपप्रमुख किरण ठाकुरको उपमेयर क्लबको संयोजकमा छनौट गरेको हो । संविधानले दिएको अधिकारको प्रयोग गरी जनताको सेवा प्रवाहमा गतिशीलता ल्याउने उद्देश्यले उपमेयर क्लब गठन गरिएको बैठकमा सहभागी गौर नगरपालिकाका उपप्रमुख अंशु सिंहले बताएका छन् । उप्रमुखहरूलाई न्यायिक समिति सञ्चालन गर्न विभिन्न किसिमका कठिनाई भैरहेको हुँदा न्यायिक समितिलाई पूर्णता दिई जनपक्षीय सेवा प्रवाह गर्ने, आइपरेको बेलामा एक ठाउँमा भेला भएर रायसुझाव आदान प्रदान गर्न सकिने, स्थानीय स्तारबाट दिन सकिने सेवा निष्पक्ष बनाउनेमा पनि पहल गर्ने लक्ष्य रहेको संयोजक ठाकुरले बताएकी छन् । यसअघि गठन भएका मेयर क्लबका जिल्ला अध्यक्षमा गौर नगरपालिकाका प्रमुख अजय गुप्ता रहेका छन् ।

### तिलोत्तमा नपाले बनायो ऐन नियमावली

चन्द्रकान्त खनाल, रूपन्देही, ६ फागुन । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले नगरसभाबाट पारित विभिन्न १२ वटा ऐन, नियमावली, निर्देशिका, कार्यविधि **तिलोत्तमा राजपत्र**मा प्रकाशित गरेको छ । नगर प्रमुख बासुदेव घिमिरेबाट प्रमाणिकरण गरिएका ती ऐन, नियमावलीहरू नगरबासीलगायत सम्बद्ध सबैको जानकारीका लागि आइतबार राजपत्रमा प्रकाशित गरिएको हो । नेपालको संविधान भाग १८ को स्थानीय व्यवस्थापिकाको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम तिलोत्तमा नगरपालिकाले नगरसभाबाट विभिन्न ऐन, नियमावली,निर्देशिका, कार्यविधि पारित गरेको थियो । नगरसभाबाट यसरी पारित ऐन, नियमावली, निर्देशिका, कार्यविधि नगर प्रमुखबाट गत माघ २७ गते प्रमाणिकरण भएकोमा त्यसलाई **तिलोत्तमा राजपत्र**मा प्रकाशित गरिएको नगर कार्यपालिकाका प्रवक्ता सुरेन्द्र श्रीले वताए । राजपत्रमा प्रकाशित भएसँगै स्थानीय कानुन कार्यान्वयमा आएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सापकोटाले वताए ।नगरसभाबाट पारित भएका ऐनहरू नगर प्रमुखले प्रमाणिकरण गरेपछि प्रमुख प्रशासकीय अधिकृतले राजपत्रमा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ ।राजपत्र प्रकाशनसँगै तिलोत्तमा नगरपालिकाले स्थानीय कानुन निर्माणको अभ्यास पूरा गरेको छ । 'नगरपालिकालाई चाहिने अन्य कानुनहरू पनि यसैगरी निर्माण गर्नेछौं ।' प्रवक्ता श्रीले भने ।

### मुख्यमन्त्रीद्वारा आकस्मिक अनुगमन

कैलाली । प्रदेश नं. ७ का नवनियुक्त मुख्यमन्त्री त्रिलोचन भट्टले पदभार सम्हालेलगत्तै सेती अञ्चल अस्पतालको आकस्मिक अनुगमन गरेका छन् । आइतबार उनी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुगेर पदभार ग्रहण गरेलगत्तै धनगढीस्थित सेती अञ्चल अस्पतालको आकस्मिक अनुगमनमा पुगेका थिए । उनले प्रदेश ७ लाई नमुना प्रदेश बनाउन इमान्दारिताका साथ लाग्न कर्मचारीहरूलाई आग्रहसमेत गरेका छन् । उनले बिरामीलाई अस्पतालले दिने सेवाको प्रभावकारिता, नि:शुल्क औषधी पाए नपाएको विषयमा चासो राखेका थिए ।

### क्षेत्रलाई धुलोमुक्त बनाउने छु : प्रदेश सांसद्

राजविराज । सप्तरी क्षेत्र नं. ३ 'ख' का प्रदेश सांसद विन्देश्वर यादव 'बिकी'ले आफ्नो क्षेत्रलाई धुलोमुक्त बनाउने प्रतिबद्धता गरेका छन् । नेपाल पत्रकार महासंघ सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा सो कुरा बताएका हुन् । राजपा नेपालका केन्द्रीय सदस्य समेत रहेका यादवले अहिले समाजको बिकास न्यून अवस्थामा रहेकोले जिरो लेवलबाट विकास सुरू गर्ने बताए । ग्रामीण भेगको सडकको अवस्था जीर्ण रहेकोले सबभन्दा पहिला सडकको स्तरोन्नती गर्ने प्राथमिकता रहने बताए । सप्तरी विकासको सवालमा पछाडि परेकोले मुलुक अब विकास र समृद्धितर्फ अगाडि बढेको बताउँदै उनले दोस्रो प्राधमिकता सडक, शिक्षा तथा स्वास्थ्यको व्यवस्थापन गर्ने बताए । शिक्षामा भएको भौतिक पूर्वाधारले पनि शिक्षाको स्तर सुधारका लागि व्यवस्थापन गरे बिकासको गति लिने बताए ।

### वार्ता निष्कर्षविहीन

पर्सा । वीरगन्ज राजधानी संघर्ष समिति र २ नं प्रदेश सरकारबीच आज वीरगन्जमा भएको वार्ता बिना सहमति नै सम्पन्न भएको छ । वीरगन्जको होटल भिष्वामा २ नं प्रदेशका भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनल र संघर्ष समितिका पदाधिकारीबीच भएको वार्तामा दुवै पक्ष आ-आफ्नो अडानमा कायम रहेको कारण सहमति जुट्न नसकेको हो । वीरगन्जलाई राजधानी बनाउनुपर्ने एक सूत्रीय मागसहित विगत डेढ महिनादेखि आन्दोलन गर्दै आएको संघर्ष समितिले राखेको माग पूरा गर्न संवैधानिक जटिलता रहेकाले सहमति जटन नसकेको बताइएको छ ।

### प्राचीन कपिलवस्तु महोत्सवको तयारी तीव्र

मणि प्रसाद गैह्रे, कपिलवस्तु । प्राचिन कपिलवस्तु बुद्धको शान्ति देश, विश्वभरी फैलियोस् यही नै सन्देश कपिलवस्तु जिल्लाको सम्रग विकासको आधार धार्मीक स्थलहरूको प्रर्वद्धन, पर्यटन, कृषि उद्योग र व्यापार भन्ने मुल नाराका साथ पाचौ प्राचिन कपिलवस्तु महोत्सव संचालन हुन लागेको छ । उक्त महोत्सवलाई सफल पार्नको लागी सचिवालय समितिले तयारीलाई तिव्र बनाएको छ । फागुन २० गते देखी ३० गते सम्म तौलिहवा स्थित बुद्ध पद्यम उच्च माविको खेल मैदानमा हुदैछ । महोत्सवले मुख्य गरेर स्थानीय स्तरमा रहेको कला सस्कृती तथा बुद्ध स्थलहरूको पर्यटन प्रचार प्रसार गर्ने र जिल्लामा उप्तादित कृषि तथा घरेलु उत्पादनहरूको प्रवर्द्धन गर्ने मुख्य उदेश्य रहेको महोत्सवका संयोजक एवं तौलिहवा उद्योग वाणिज्य संघका अध्यक्ष गयादिन कुर्मी दिपु ले जानकारी दिए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# प्रकाशको मृत्यु र सीताको आँशु



खुशीलाल मण्डल

केही दिन पहिले एउटा मार्मिक समाचार पढेका थियौं जसमा लेखिएको थियो 'थामिएन सीताको आँशु'। सामाचार पढेपछि म जस्तै धेरैको हृदय द्रवृत भएको होला एउटा मात्र सन्तान भएको आमालाई युवा पुत्रको वियोगभन्दा बढी अरू वियोग हुन सक्दैन। तर तपाईले जस्तो कष्टले छोरा जन्माएर पालनपोषण गर्नु भयो त्योभन्दा कम कष्टमा नेपालको कुनै आमा सन्तान जन्माएर पालनपोषण गरेको होइन। अझ हामी त्यस आमाको अवस्था स्मरण गरौं जसको ज्यूभरि लगाउने न्यानो कपडा हुँदैन पेटभरि पोशिलो खाना पाउँदैन ती आमाहरू भएभरको लुगाले आफ्नो ज्यू छोपनुको साटो सन्तानको ज्यू न्यानो बनाउँछ। आफ्नो गाँस काटेर सन्तानको लालन पालन गर्दछन्।

नेपालको ईतिहासमा केही अपवाद बाहेक प्रत्येक जन आन्दोलनमा जनसाधारणको सन्तानको ज्यान गुमेको छ तर राजनीतिक स्वार्थको कारण जनआन्दोलन वा जनक्रान्तिको लक्ष्य विफल हुँदै आएको छ। २००७ सालको क्रान्तिकालमा विदेशिएका राज परिवार स्वदेश फर्केपछि राजा त्रिभुवन संविधानसभाद्धारा संविधान निर्माण गरी गणतान्त्रिक व्यवस्था स्वीकार गर्ने २००७ साल फागुन ०७ गते जारी गरेको संविधान कार्यान्वयन भएको भए त्यस पछिको जनआन्दोलनको औचित्य रहने थिएन र अतिमहत्वाकांक्षी राजा महेन्द्र २०१७ साल पुष १ गते प्रजातन्त्रको गाला घोट्न पाउने थिएन।

प्रजातन्त्र पुन: स्थापनका लागि ३० वर्ष भएको आन्दोलनहरूको परिणाम प्रजातन्त्र स्थापना भएपछि संविधानसभाद्वारा संविधान निर्माण गर्नुपर्ने देशलाई संघीयात्मक प्रणालीमा परिवर्तन गर्नु पर्ने शोषित पीडित, मधेशी, आदीवासी जनजाति, तथा महिला वर्गलाई सामाजिक न्याय दिने उठाएको हाम्रो मागलाई सम्बोधन गरीदिएको भए ०५१ सालदेखि ०६२ सम्मको जनयुद्धको औचित्य रहने थिएन र २०६२ बैशाख २५ गते ७ दलले जारी गरेको दस्तावेज तथा ६२ मंसिर ७ गते आन्दोलनकारी ७ दल र माओवादीबीच भएको १२ बुँदे ०६३ साल माध १ गते संघीयतासहितको संविधान जारी भएको भए २०६३ देखि ०७३ सालसम्म मधेशी सपुतहरूको रगत बग्ने थिएन।

> पुत्र वियोगको तपाईको पीडा र जनयुद्धको नाउँमा सन्तान गुमाएका, राखी बाँध्ने हात गुमाएका, सिन्दुर हरण भएका साथै टुहरा भएका बालबालिकाको पीडामा के अन्तर छ ?

सीताजी तपाईको पतिको नेतृत्वमा भएको १० वर्ष लामो कथित जनयुद्धमा बाल वृद्ध युवती युवा मात्र होइन आफ्नो आमाबुवाको क्रियामा बसेको क्रिया पुत्रीहरूको समेत निर्मम हत्या भएको छ। त्यसमा धेरै निर्दोषहरू पनि रहेको छ यस्ता धटनाहरूमा राज्य पक्ष मत्र होइन नेकपा माओवादी पनि जिम्मेवार छन् त्यसमा कसेलै आमाबुवा सन्तान गुमाएका छन् भने पत्नीको सिन्दुर हरण भएको छ। दिदीबहिनीले राखी बाँध्ने हाथ गुमाएका र बालबालिका टुहुरा भएका छन्। सो बखत तपाईले आफ्नो पतिलाई सो घटना हुन नदिन कतिसम्म आग्रह गर्नुभयो वा दबाब दिनुभयो हाम्रो जानकारीमा आएको छैन। पुत्र वियोगको तपाईको पीडा र जनयुद्धको नाउँमा सन्तान गुमाएका राखि बाँध्ने हात गुमाएको सिन्दुर हरण भएको साथै टुहरा भएका बालबालिकाको पीडामा के अन्तर छ।

कथित जन्युद्ध धनयुद्धमा परिणत भएको प्रमाण माओवादीका केही नेता कार्यकर्ताहरूको धनवृद्धिबाट प्रमाणित हुन्छ। जनयुद्ध धनवादका लागि भएको प्रष्ट भएको छ। केही माओवादी कार्यकर्ता सत्ता सुख र धन प्राप्त गरेपनि शहीदका परिवार कष्टकर जीवन बिताउन बाध्य छन् तर राजनीतिक स्वार्थमा अवरोध देख्ने बित्तिकै प्रचण्डजी जंगल फर्कने उग्र अभिव्यक्ति बेलाबखत दिइरहनु भएको छ। जंगल फर्कनुको अर्थ हिंसाको बाटोमा लाग्नु हो। प्रचण्ड जीको पुरानो सहयोगी नेत्रविक्रम चन्द समूह प्रचण्डजीले कोरेको बाटोमा लागेका छन्। प्रचण्डजीलाई जंगल प्रवेश गर्ने जस्ता उग्र भाषा प्रयोग नगर्न र आफ्नै पुरानो सहयोगी चन्द समूहलाई हिंसाको बाटोबाट विमुख गराई मूलधारमा समाहित गराउनुको साथै मधेशको माग सम्बोधन गर्न गराउन सुझाव र दबाब सिर्जना गर्नुहोस्। ताकी भविष्यमा राजनीतिक कारणले कुनै आमाको कोख खाली नहोस्। कुनै अबला नारीको सिन्दुर हरन हुन नपाओस्।

सीताजी उमेरमा म जेठो भएपनि पुत्रवियोगबाट व्यथित हृदयलाई सम्मान गर्दै आदर्श सूचक शब्द प्रयोग गरेको छु। तपाईले प्रकाशको शोकमा आँशु बगाइरहनुको साटो हजारौं पुत्रविहीन बनेकी आमाप्रतिविहीन बनेको विध्वा दाजुभाई बहिनी बनेकी दुखीहरूको आमा, दिदी, बहीनी, बनेर पीडितहरूको स्वावलम्बनको केन्द्र बन्नुहोस्।

# संघीयता जोगाउन प्रदेश २ को सवलीकरण जरूरी



संजय तिवारी

जनयुद्धमा माओवादीको दस्तावेजीकरण र मधेशका जनताको कठोर संघर्ष पश्चात देशमा संघीयता पूर्णरूपमा लागु भएको छ। एकल सत्तात्मक देश अब केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहमा प्रक्षेपित भएको छ।

एक खास समुदायले आंशिक रूपमा 'कोनोलाईज' गरेको तराई-मधेशका २१ जिल्ला मध्ये ८ जिल्लाको एउटा प्रदेश बनेको छ। मधेशका धेरै नागरिकको असहमति भएता पनि आंशिक उपलब्धिलाई आत्मसात गर्दै बाँकी उपलब्धिका लागि अगाडि बढ्ने मनसाय उनीहरूको छ।

प्रदेश नम्बर २ स्थापना भएसँगै यहाँ मधेशीहरूको सरकार पनि बनेको छ। मधेशका नागरिक मधेशी अनुहारकै प्रतिनिधि विधानसभामा पठाएका छन्, उनीहरूकै सरकार बनाएका छन्। नेपालको इतिहासमा पहिलो पटक घटित यस घटनाले अहिले सारा विश्वको ध्यान तानेको छ। दश वर्ष जनयुद्ध र त्यसपछिको तीन पटकको मधेश आन्दोलनको जगमा ल्याइएको संघीयताका कर्ता मूलरूपमा २ नम्बर प्रदेश नै हुनेछ।

यहाँका लाखौं नागरिक जो कि विगतका सयौं वर्षदेखि औपनिवेशिक दर्जामा जीवनयापन गरी दु:ख झेल्दै गरेका छन्, उनीहरूको असंख्य आशा प्रदेश सरकार माथि छ।

**संघीयताको रक्षक प्रदेश नम्बर २**

नेपालमा संघीयताका लागि आवाज उठाउने हालको २ नम्बर प्रदेश लगायतका जिल्लाका नागरिक हुन्। विगत १० वर्षदेखि संघीयताका लागि भएको आन्दोलनमा हालसम्म सय भन्दा बढी मधेशी शहीद भएका छन्।

मूल रूपमा आफ्नो छुट्टै पहिचानसहित देशलाई संघीतामा लैजान परम्परागत सत्ताधारीहरूलाई बाध्य पार्न मधेशका नागरिकले नै आफ्नो बलिदानी दिएर गरेका हुन्।

देशमा समान अधिकार, विकास, नागरिकता, बसोबास, सुविधा, हरेक निकायमा बराबर सहभागिताका लागि मधेश आन्दोलनको जग खडा भएको हो।

अहिले आन्दोलनको आंशिक उपलब्धि प्राप्ति र मधेशमा मधेशीहरूकै सरकार बनेपछि अबको मूल एजेण्डा विकासको हुनुपर्ने आवश्कता छ। प्रदेशको आर्थिक विकास नभई प्रदेशका जनता सुखी हुन सक्दैनन्।

यस मानेमा पनि २ नम्बर प्रदेशको चौतर्फी विकास आवश्यक छ। संघीयताको जग खडा गर्ने प्रदेश फेल भए यत्रो ठूलो बलिदानी दिएर आएको उपलब्धि गुम्ने खतरा हुनेछन्। त्यसैले नेपालमा संघीयता जोगाई राख्य यस प्रदेशको सवलीकरण आवश्यक छ।

**अबको एजेण्डा विकास**

अहिलेको २१औं शताब्दीमा जहाँ विश्व विकासको फड्को मारिरहेको छ, त्यहीं नेपालमा अधिकार र सम्मानका लागि नागरिक मरिरहेको अवस्था थियो। तर अबको एजेण्डा बदलनुपर्ने समय आएको छ। संक्रमणकालको पूर्ण समाप्ति भइसकेको नेपालमा अब विकासको खाका कोर्नुपर्ने छ।

त्यसमा पनि सयौं वर्षदेखि पिछडिएको २ नम्बर प्रदेशमा विद्यमान गरिबीको समस्या समाधान गरि यहाँका नागरिकको दैनिक जीवनयापन सरल बनाउनु यस प्रदेशका सरकारको मूल एजेण्डा हुनुपर्ने छ।

सम्भावनाले भरिपूर्ण प्रदेश २ मा रहेको श्रोतसाधनको सहि सदुपयोग गरि आउँदो ५ वर्षमा देशकै नमुना प्रदेशको रूपमा विकसित गरी संघीयता जोगाइराख्न यस प्रदेशको सरकारको मूल उद्देश्य हुनुपर्ने छ।

**र, अन्त्यमा**

मधेशको तीन वटै आन्दोलनमा यहाँका हरेक घरका नागरिक ज्यूजानका साथ लागि परेका थिए। जो जुन स्तरका छन् त्यहींस्तरबाट आन्दोलनलाई उचाईमा पुर्याउन सबैले योगदान दिएका छन्।

सयभन्दा बढी शहीदको बलिदानी र हजारौं मधेशीहरूको अङ्गभङ्गताबाट बनेको मधेश सरकारले सबैको योगदानको मूल्याङ्कन गर्नु आवश्यक छ। समानता, सहभागिता र समावेशिताका लागि भएको विद्रोहका हरेक अभियन्तालााई स्तर अनुसारको उपलब्धि प्रदान नगरिए यस सरकारको पनि कुनै विश्वसनीयता रहने छैन।

जनतालाई साँच्चै परिवर्तन महसुस नभएको खण्डमा जनमत फेरि बदलिन सक्छ, संघीयताका विरोधी सक्रिय हुन सक्छन् र पाएको उपलब्धि गुम्न सक्छ, त्यसैले यी सबै कुराको लेखाजोखा राख्नु यस सरकारको मुख्य कार्य विषय बन्नु जरूरी छ।

# नमुना प्रदेश बनाउन सबैको साझा पहल आवश्यक : प्रमुख झा

**चन्द्रकान्त खनाल,** रूपन्देही। 'प्राङ्गारिक खेतीको प्रवर्द्धन, स्वस्थ जीवनको अवलम्बन' भन्ने मूल नाराका साथ बुटवलमा ११औं प्राङ्गागारिक कृषि मेला सुरू भएको छ।

देशभरका ६३ जिल्लाका १ सय २५ वटा स्टलहरू रहेको मेलाको प्रदेश नम्बर ५ का प्रमुख उमाकान्त झाले उद्घाटन गरे। उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख झाले खाद्यान्न उत्पादनमा प्रदेश नम्बर ५ लाई नमुना जिल्ला बनाउनका लागि सबैको साझा पहल जरूरी रहेको बताए।

उत्पादन र उत्पादकत्व वृद्धिका लागि स्थानीयस्तरबाट नै पहल जरूरी रहेको भन्दै प्रमुख झाले कृषिजन्य उत्पादनका लागि प्रविधिको पनि विकास आवश्यक रहेको र अब बन्ने सरकारले कृषिलाई टेवा पुर्‍याउने गरी नीति निर्माण गर्ने अपेक्षा व्यक्त गरे।

नगदे बाली उत्पादनमा किसानहरूले जोड दिनुपर्ने भन्दै उनले किसानहरूले खाद्यान्न उत्पादनमा पनि विविधीकरण गर्नुपर्ने धारणा राखे।

नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय रूपन्देही र बुटवल उद्योग बाणज्यको संयुक्त आयोजनामा प्रांगारिक कृषि मेला सुरू भएको हो।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य संघमा पुर्व केन्द्रीय अध्यक्ष चन्द्र ढकालले देश समृद्धिको आधार कृषिमा लगानी गर्नुपर्ने जानकारी दिदै अवको नीति कृषि मैत्री बन्नुपर्नेमा जोड दिएका थिए।

यस्तै कार्यक्रममा रूपन्देही क्षेत्र नम्बर २(२) प्रदेश सभा सदस्य भोज प्रसाद श्रेष्ठले देश समृद्धिको लागि सोत र सधानको विकासमा जोड दिनुपर्ने बताएका थिए।

कृषि विकास मन्त्रालय कृषि विभागका निमित्त महानिर्देशक सुर्य प्रसाद पौडेले विश्वमा प्रविधिको विकास संगै विषादीहरूको पनि उत्पादन बढेको भन्दै विषादीको असर कम गर्न जनस्थरमा जनचेतना फैलाउनको लागि कृषि मेला आयोजना गरिएको जानकारी दिए। उनले विभिन्न निकायको सहयोगमा विभागले १० वटा मेला सम्पन्न गरेको जानकारी दिदै यसलाई निरन्तता दिने समेत बताए।

कार्यक्रममा आयोजक संस्था बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष खिम बहादुर हमालले विगतका बर्षहरूमा एक्लै मेला आयोजना गरेकोमा यस पटक मन्त्रालयको पनि साथ पाउनु आफैमा खुसीको कुरा भएको बताएका थिए।

कार्यक्रममा जिल्ला संमन्वय समितिका प्रमुख एकराज विश्वकर्मा, नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य सुरेन्द्र कुमार श्रेष्ठ, बुटवल उद्योग बाणिज्य संघका पुर्व अध्यक्ष नवराज श्रेष्ठ, जिल्ला कृषि विकास कार्यालय रूपन्देहीका प्रमुख बरिष्ठ कृषि विकास अधिकृत भोजराज सापकोटा, रूपन्देही उद्योग संघका अध्यक्ष गणेश प्रसाद अधिकरी, लगायतले बोलेका थिए।

यहि फागुन ७ गते सम्म चल्ने कृषि मेलमा १२५ वटा स्टल राखिएका छन् भने देशभरका करिव ६३ जिल्लाका किसान र उनीहरूले उत्पादन गरेको कृषि जन्य उपजको प्रर्दशन गरिएको छ। ७ गतेसम्म चल्ने मेलाका अवसरमा तरकारी तथा फलफुलमा हुने बिषादीको परिक्षण, कस्तो जमिनमा कस्तो खेति उपयुक्त हुन्छ भनि माटो परिक्षण, वालि उपचार शिबिर,माछा तथा च्याउका परिकारको छुट्टै महोत्सव, प्रागारीक कृषिका सम्वन्धमा बिभिन्न गोष्ठि तथा प्रतियोगिताहरू हुने जिल्ला कृषि बिकास कार्यालय रूपन्देहीका प्रमुख तथा मेला आयोजक समितिका सदस्य भोजराज सापकोटाले जानकारी दिए।

## संक्षिप्त समाचार

### सम्सीको गापाको प्रथम गाउँसभा सम्पन्न

महोत्तरी। जिल्लाको सम्सी गाउँपालिकाको प्रथम गाउँसभा सम्पन्न भएको छ। सो प्रथम सभाले गाउँपालिकाको बजेटसमेत सार्वजनिक गरेको हो। गाउँपालिकाका लागि रू २८ करोड ४४ लाख बजेट प्रस्तुत गरिएको छ। सम्सी गाउँपालिकाका अध्यक्ष शेष फारूखको अध्यक्षतामा सम्पन्न गाउँसभाले सडक सञ्जाल, स्वास्थ्य सेवा, खानेपानी, विशेष शिक्षा योजना, कृषि योजनालगायत योजनालाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राख्दै आर्थिक वर्ष २०७४/७५ का लागि बजेट सार्वजनिक गरेको छ।

### बारामा दोस्रो माछा महोत्सव हुने

बारा। जिल्लामा दोस्रो माछा महोत्सव हुने भएको छ। नेपाल मत्स्य व्यवसायी संघ बाराको आयोजनामा आगामी फागुन २५ गतेदेखि २७ गतेसम्म तीन दिवसीय माछा महोत्सव हुन लागेको हो। 'मत्स्यपालनको विकास, समृद्ध राष्ट्रको आधार, स्वदेशी माछा खाऔं, स्वस्थ रहौं' नाराका साथ संघले कोल्हवी नगरपालिका-१ कोल्हवीबजारमा दोस्रो 'माछा महोत्सव' गर्ने भएको छ। संघले यसअघि गत वर्ष २०७३ माघमा कलैयामा प्रथम माछा महोत्सव एवं कृषि मेला आयोजना गरेको थियो।

### सर्लाहीमा राहत वितरण

काठमाडौं। आमा समूह तमू समाज बेल्जियमले शीतलहर प्रभावित तराई क्षेत्रमा कम्बल तथा खाद्यान्न सामग्री वितरण गरेको छ। बेल्जियममा आमा समूहले संकलन गरेको रू एक लाख बराबरको कम्बल तथा खाद्यान्नलगायत सामग्री मूर्तिया बरथहवा नगरपालिका, सर्लाहीका शीतलहर प्रभावितलाई वितरण गरिएको छ।

### वडाध्यक्षका छोरा मृत फेला

कपिलवस्तु। मायादेवी गाउँपालिका-४, पिपराका वडाध्यक्ष फत्तेह मोहम्मद मुसलमानका ६ वर्षीय छोरा मृत अवस्थामा भेटिएका छन्। वडाध्यक्ष फतेहले आफ्नो छोरालाई अपहरणकारीले हत्या गरेको आरोप लगाएका छन्। गुलडिहवाको निसवा स्कूल पढ्न जाँदै गर्दा चार दिनअघि बेपत्ता मोहम्मदका छोरा ऐमानको शव आइतबार आफ्नै घर नजिकैको पोखरीमा भेटिएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

### ट्याक्टर पल्टिँदा चालकको मृत्यु

जनकपुरधाम। ट्याक्टर पल्टिँदा चालकको ज्यान गएको छ। सोमबार दिउँसो जनकपुर उपमहानगरपालिका १७ स्थित तेतरियमा बाटोमै रहेको कलभर्टमा ज १ त ३४४६ नम्बरको ट्याक्टर तिव्रगतिका कारण पल्टेर दुर्घटना भएको थियो। दुर्घटनामा ट्याक्टर चालक धनुषा रघुनाथपुरका उमेश राउतको मृत्यु भएको प्रहरीले जनाएको छ।

### नदीमा डुबेर वृद्धाको मृत्यु

कपिलवस्तु। नदीमा डुबेर एक वृद्धाको मृत्यु भएको छ। यशोधरा गाउँपालिका-८ खुरूया बस्ने ७५ वर्षीया बिपना गढरीया सोही ठाउँस्थित बाणगंगा नदीमा डुबेर मृत्यु भएको अबस्थामा सोमबार फेला परेकी छन्। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट १२ लाखको क्षति

मोरङ। विद्युत शर्ट भई आगलागी हुँदा १२ लाखभन्दा बढीको क्षति भएको छ। लेटाङ नगरपालिका-२ बुधबारे बस्ने लालबहदुर राईको घर र गोठमा बिहिबार बिधुत सर्ट भई आगलागी भएको हो। आगलागीबाट करीब १२ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ। स्थानिय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै यस सम्बन्धमा आवश्यक अुनसन्धान गरिरहेको छ।

### ट्याक्टरको ठक्कर बालकको मृत्यु

बाँके। डुडुवा गाँउपालिका-४ स्थित मिलन चोकबाट खालेमसाहतर्फ जाँदै गरेको भे.१त ६३८१ नम्बरको ट्याक्टरको ठक्करबाट गम्भीर घाईते भएका पैदलयात्री सोही स्थान बस्ने विहारी बर्माको ८ बर्षीय छोरा करण बर्माको नर्सिङहोम नेपालगंजमा उपचारको क्रममा बुधबार मृत्यु भएको छ। फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

### आगलागीबाट तीन लाखको क्षति

मोरङ। बेलबारी नगरपालिका-३ करमडाँडा बस्ने सन्जय सुबेदीको घरमा बुधबार गाई बस्तुको खोले पकाउने क्रममा अचानक आगलागी हुदाँ करिब ३ लाख रूपौयाँ बराबरको धनमाल क्षति भएको छ। स्थानिय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### एमालेका सांसदद्वारा राजीनामा

सुर्खेत। मन्त्री बन्न नपाएको भन्दै सांसद चन्द्रबहादुर शाहीले आफ्नो पदबाट राजिनामा दिएका छन्। मुगु प्रदेश (ख) बाट प्रत्यक्ष निर्वाचित हुनुभएका सांसद शाहीले प्रदेश नं. ६ को मन्त्रिमण्डल विस्तारप्रति असन्तुष्टि जनाउँदै आइतबार राजिनामा दिएका हुन्। एमाले प्रदेश नं. ६ का संसदीयदलका नेता यामलाल कँडेलले पार्टीका तर्फबाट प्रदेश सरकारमा सहभागी हुने मन्त्री पठाउँदा आफूलाई अन्याय गरेकाले राजिनामा दिएको सांसद शाहीले बताए।


## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

# शैक्षिक माफिया हाबी भएको भन्दै मुख्यमन्त्रीलाई ध्यानाकर्षण

जनकपुरधाम । प्रदेश नं. २ मा रहेका जानकी मेडिकल कलेज जनकपुर र नेशनल मेडिकल कलेज वीरगन्जले मनोमानी ढंगले शूल्क उठाउने गरेको भन्दै मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीलाई मधेशी विद्यार्थी गठबन्धनले ध्यानाकर्षणपत्र बुझाएको छ । जानकी मेडिकल कलेज पूर्णरूपमा शैक्षिक माफियाको चंगुलमा परेको र उक्त कलेजमा पढ्ने विद्यार्थीदेखि त्यहाँ काम गर्ने कर्मचारी एवं बजारबाट सेवा सुविधा दिने सम्पूर्ण व्यक्ति संस्थाहरूलाई संचालकहरूले शोषण गरिरहेकोप्रति मधेशी विद्यार्थी गठबन्धनले मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराएको हो । यस्तै, नेशनल मेडिकल कलेज वीरगन्जले तोकेको शूल्कभन्दा बढी असुली गरिरहेको मधेशी विद्यार्थी गठबन्धनको आरोप छ । राजपा निकट विद्यार्थी संगठनका अध्यक्ष मनिष मिश्र र समाजवादी विद्यार्थी फोरमका वरिष्ठ उपाध्यक्ष रमेश यादवले मुख्यमन्त्री र सामाजिक विकास मन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।



मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीलाई मधेशी विद्यार्थीका प्रतिनिधि ध्यानाकर्षणपत्र बुझाउँदै ।

**यस्तो छ ध्यानाकर्षपत्र**

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको प्रदेश नं.-२ को प्रथम मुख्यमन्त्री जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा मधेशी विद्यार्थी गठबन्धनको तर्फबाट हार्दिक बधाई तथा कार्यकाल सफलताको सुभकामना दिन चाहन्छौँ ।

देशमै सबैभन्दा बढी जनघनत्व भएको र ऐतिहासिक प्रदेशको रूपमा रहेको प्रदेश नं.-२ लाई समृद्ध, शिक्षित एवं शक्तिशाली प्रदेश बनाउनु पर्ने हाम्रो दायित्व रहेको छ । संघीयता पश्चात देशमा खुशीयाली छाएको छ भने आगामी दिनमा कार्ययोजनाहरू संचालन गरी समृद्धिको बाटोमा लाग्न चुनौति रहेको छ । संविधानमा मौलिक हकको रूपमा उल्लेख रहेको र समृद्ध प्रदेशको मेरूदण्डको रूपमा रहेको शिक्षालाई ग्रामीण भेगसम्म पुऱ्याउनु एवं प्रदेशलाई साक्षर प्रदेशको रूपमा सिद्ध गर्नु खास गरेर हामी मधेशी विद्यार्थी गठबन्धनको मुल दायित्वको रूपमा रहेको छ ।

शैक्षिक क्षेत्रमै महत्वपूर्ण पाठ्यक्रमको रूपमा रहेको मेडिकल शिक्षाको दुर्दष हेर्दा हाम्रो आखाँ रसाएर गएको माननीय मुख्यमन्त्री ज्यू समक्ष भावना राख्न चाहन्छौ । देशमै मेडिकल कलेजमा माफियाहरूको विगविगी भएको र खास गरेर प्रदेश नं.-२ मा रहेको मेडिकल कलेजमाथि तिनीहरूको गिद्धे नजर भएको जानकारी गराउन चाहन्छौ । राज्यले तोकेको मापदण्ड विपरीत रहि संचालन गरीरहेको जानकी मेडिकल कलेज, जनकपुर र नेशनल मेडिकल कलेज, विरगन्ज प्रति हामी मधेशी विद्यार्थी गठबन्धन गम्भीर भई सुक्ष्म तरिकाले नियालिरहेको जानकारी गराउन चाहन्छौँ । जनकपुरधाम स्थित जानकी मेडिकल कलेज पूर्ण रूपले शैक्षिक माफियाको चंगुलमा परेको र उक्त कलेजमा पढ्ने विद्यार्थी देखि त्यहाँ कामगर्ने कर्मचारी एवं बजारबाट सेवा सुविधा दिने सम्पूर्ण व्यक्ति, संस्थाहरूलाई संचालकहरूले शोषण गरिरहेको तथा जानकी मेडिकल कलेजको नामले जनकपुरधाम जस्तो पवित्र स्थल नै बदनाम भएको हामीले अनुभूति गरिरहेका छौं ।



सामाजिक विकासमन्त्री जितेन्द्र सोनललाई ध्यानाकर्षपत्र बुझाउँदै मधेशी विद्यार्थीहरू ।

त्यस्तै नेशनल मेडिकल कलेज वीरगन्जले व्यारेकको तरीकाले कलेज संचालन गरेको र सरकारले (MBBS, MD ) लगायतको पाठ्यक्रमहरूमा तोकेको शुल्क भन्दा बढी शुल्क ब्लाकमेल गरी असुलि रहेको हाम्रो ठहर रहेको छ। भारतीय विद्यार्थीबाट बढी मैसा असुल्ने लोभमा नेपाली विद्यार्थीलाई सिट प्याक भएको नाटक मञ्चन गरी नेपाली विद्यार्थीलाई पढ्न बञ्चित गरी विद्यार्थीमाथि घोर अपराध गरिरहेको जानकारी गराउन चाहन्छौँ । यसप्रकारले शैक्षिक संस्थामा मेडिकल शिक्षा जस्ता महत्वपूर्ण पाठ्यक्रमको अध्ययनले विद्यार्थीहरूमा गुणस्तर कम हुने र उक्त अधिकांश जनशक्ति यही प्रदेशको हुने भएकोले हामीले कल्पना गरेको समृद्ध मेधश प्रदेशमा धेरै ठूलो घातक हुने भनी अवगत गराउन चाहन्छौ ।

तसर्थ जानकी मेडिकल कलेज जनकपुर र नेशनल मेडिकल कलेज वीरगन्जलाई कानूनी दायरामा ल्याई कार्बाही गर्न मागका साथै सरकारले तोकेको मापदण्ड अनुसार कलेज संचालनको लागि निर्देशन दिन आग्रह गर्दछौ । अन्यथा हामी मधेशी विद्यार्थी गठबन्धन जोडदार आन्दोलन गर्न बाध्य हुनेछौ र त्यसबाट हुनसक्ने क्षतिपूर्तिको क्षतिपूर्तिको जिम्मेवार कलेज संचालकहरू स्वयं हुने भनि ध्यानाकर्षण गराउन चाहन्छौ ।

मधेशी विद्यार्थी गठबन्धन

मिति : २०७४।११।१०

# बज्जिका भाषा विकास समारोह भव्यतापूर्वक सम्पन्न

**राकेश यादव,** रौतहट । रौतहटमा विभिन्न कार्यक्रम आयोजना गरी विश्व मातृभाषा दिवस मनाइएको छ। मातृभाषा दिवसको अवसरमा गर्व से कहु बज्जिका भाषी छी बज्जिका भाषा विकास हमनी के प्रतिवद्धता मूल नाराको साथ ग्रामीण शिक्षा विकास नेपाल रौतहटले आयोजना गरेको बज्जिका भाषा विकास समारोह २०७४ भव्यताको साथ सम्पन्न भएको छ ।

बज्जिका भाषा, सस्कृति संरक्षण एवं प्रवर्द्धनका लागि सबैको ध्यान जाओस् भन्ने उद्देश्यले आयोजना गरिएको समारोहमा लोप भएको र लोपोन्मुख अवस्थामा पुगेका भाषा, संस्कृति, पहिरन, मधेशमा रहेका सामग्री पालकी, ढेकी, हुक्का, हलो, जाता, सिलौट, हसिया, खुरपा, पालो, घैला लगायत माटोबाट निर्मित सामानहरूको प्रदर्शनी गरिएको थियो ।

समारोहमा आफ्नो संस्कृति झल्किने गीत, संगीत, खुर्दक बजा, डंफ, तसा, नेटुआको नाच, समाचकवा, जरजटिन, झिझिया विवाह गीतको प्रस्तुति गरिएको थियो ।



बज्जिका भाषा विकास समारोहमा लोपोन्मुख सामग्रीहरू ।

प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै संसद अनिल कुमार झाले आफ्नो सांस्कृतिक धर्म, पहिचान, भाषाको संरक्षण गर्नुपर्ने बताएका छन् । मुलुक संघीयतामा गइसकेकोले सबैको विकास गर्नुपर्ने दायित्व भएको बताउँदै अहिलेको समय अधिकारका लागि संघर्षको समय रहेको हुँदा पहिला लालपुर्जा बनाउनु पर्ने धरना राख्दै सांसद झाले भने भाषाको विकासमा जोड दिनु जायज रहेको भएपनि अधिकार स्थापित ठूलो चुनौती रहेको छ ।

राज्यले विभेद गरेकोमा त्यसका लागि राजनीतिक आन्दोलन जारी रहेकोले भाषा विकासको निमित सहयोग गर्न तयार रहेको प्रतिवद्धता जनाए ।

शपथ ग्रहण बज्जिका भाषामा लिने विषयमा सांसद झाले भने अहिले बाध्यता हो पूर्वदेखि पश्चिमसम्मको मधेशलाई एक सूत्रमा सम्बोधन गर्नु पर्ने भएकोले अधिकार स्थापित भएपछि शपथ आफ्नै मातृ भाषामा लिने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख राम असीस राय यादवले बज्जिका भाषाको विकास गर्न व्यवस्थित गर्नु पर्ने मुख्य चुनौती रहेको बताए ।

सरकारी कामकाजमा बज्जिका भाषा लिपिबद्ध नभएसम्म यसको पूर्ण रूपमा विकास हुन नसक्ने उनको तर्क रहेको छ । उपप्रमुख यादवले जून ठाउँमा गएपनि बज्जिका भाषाको प्रयोग गर्न सबैलाई आग्रह गरे ।

मूल समारोह समितिका संयोजक योगेन्द्र प्रसाद यादवको सभापतित्वमा संपन्न कार्यक्रममा बज्जिका भाषाको विकासका योगदान पुर्याउने व्यक्तिहरूको सम्मान गरिएको थियो । गमछा र धोतीले सांसद झा लगायत अन्य व्यक्तिलाई सम्मानित गरिएकोको आयोजक समितिले जनाएको छ ।

कार्यक्रममा प्रदेश सांसद डिम्पल झा, कृषि विशेषज्ञ डाक्टर श्रीभगवान ठाकुर, माधव नारायण नगरपालिकाका प्रमुख वीरेन्द्र यादव, गौर नगरपालिकाका प्रमुख किरण ठाकुर, बज्जिका शिक्षक प्रतिष्ठान, बज्जिका पत्रकार संघ नेपालका प्रमुखहरू सहभागी भएका थिए ।

# नेपाली पत्रकार भारतमा सम्मानित

विराटनगर । अन्तर्राष्ट्रिय प्रेस क्लब भारतको विहार राज्यको सुपौलमा नेपाल भारत सीमा क्षेत्रका नेपाली पत्रकारहरूलाई सम्मानित गरेको छ । सम्मानित हुनेहरूमा विभिन्न संचारमाध्यमा वर्षौंदेखि कार्यरत सत्य र निष्ठाका साथ समाचार सम्प्रेषण गरिरहेका नेपाल भारत सीमा क्षेत्रका मधेशी समुदायका पत्रकारहरू रहेका छन् ।

सो सम्मान कार्यक्रममा नेपाल भारत सम्वन्ध सुदृढिकरणमा पत्रकारको भूमिकाको बारेमा समेत छलफल भएको थियो । सो छलफल कार्यक्रमको उदघटन सुपौलको जिल्ला पदाधिकारी बैद्यनाथ यादवले गरेका थिए ।

प्रमुख अतिथी भूतपूर्व जिल्ला न्यायधिश अमरनाथ साहय रहेका थिए । साहयले भने नेपाल भारतको सम्बन्ध आजको होईन शदियौ देखि चलिए आएको छ । त्यसै गरी नेपालको तर्फवाट मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहारले नेपाल भारत सीमा क्षेत्रमा भइरहेको अपराध, नशालु पदार्थ खरीद विक्रीमा पूर्ण रूपमा वन्द हुन्छ पर्छ त्यसका लागि नेपाल भारत दुवै तिरको पत्रकार सक्रिय भई लाग्नु पर्ने नेपाल भारतको समाचार समेत अदान प्रदान हुनुका साथै प्रहरी प्रशासनवाट सीमा क्षेत्रमा समाचार संकलनको क्रममा पत्रकार माथि भएको दुर्व्यवहार रोक्न दुवै देशका प्रशासन संग छलफल गर्नुपर्ने । पत्रकारहरूले समाचार संकलनका लागि





नेपालका पत्रकार भारत जाँदा प्रेस कार्ड हेराएमा कुनै शुल्क नलिकन सवारी साधन जान दिनु पर्ने र भारतीय पत्रकार प्रेस कार्ड हेराएमा कुनै शुल्न नलिईकन नेपालमा प्रवेश गर्न दिनुपनै विषयमा दुवै देशको अधिकारीहरूसंग छलफल गर्नु पर्ने बताए ।

सो अवसरमा प्रदेश नं. १ वाटको मोरंगवाट मधेशी पत्रकार समाज मोरंगका अध्यक्ष श्याम सुन्दर सुतिहार, हिरालाल साह, पदम सरदार, मुकश यादव, विरेन्द्र कुमार साह, संतोष वास्तोला, उषा सरदार सुनसरीवाट चन्दन रौनियार, झापावाट विकास राजवंशी, नितेश चौधरी प्रदेश नं. २ को धनुषावाट जितेन्द्र अक्षत, निभा झा, कुलदीप साह, पारस मणि ठाकुर वारावाट साविर आलम र अनिल वर्मा लगायत दुई दर्जन जति पत्रकारहरूलाई सम्मान गरेका थिए ।

त्यसै गरी भारतमा कार्यरत दर्जनौ पत्रकारहरूलाई सम्मान गरेका थिए । सो क्लवलाई नेपालमा पनि विस्तारका लागि हिरालाल साहलाई संयोजक तोकिएको छ ।

## कविता



### नेपाल-भारत मैत्री



महेश चन्द्र शर्मा

नेपाल-भारत मैत्री सर्वदा
युगों युगों तक अमर रहोस
अंतरंगता बढे रात दिन
परमशान्ति फैलिरहोस

संबंधों में हो ऊँचाई
जितना ऊंचा है हिमराज
चिरंजीवी दो देश हमेशा
एक दूजे के आवैं काज

सरिताएं दौड़ी जा रहीं सरपट
आतुर सागर-संगम को
ऐसे ही दो महान राष्ट्रों का
दिल से दिल का समागम हो

उभय राष्ट्रों की पुण्यभूमि पर
षडऋतु होतीं सदाबहार
मिलजुल कर हम रहते परस्पर
और मनाते तीज तिहार

दोनों सनातन देश धरा पर
समृद्ध संस्कृति से भरपूर
शौर्य शक्ति में हैं बलशाली
दुश्मनों को चटाते धूल

श्री राम ने सीता जीती
जनकपुर के स्वयंवर में
उन्हीं के वंशज धर्म-ध्वजा को
हम फहराते अम्बर में

धेरै सजिलो और रमाइलो
भारत-बन्धु है नेपाल
दोनों भाइयों सहोदरों को
सदा सुखी राखो गोपाल

## नेपाल-भारत जनमैत्री मञ्चमा पाठक

काठमाडौं । नेपाल-भारत जनमैत्री सांस्कृतिक मञ्च कोलकाताको चौथो साधारणसभाले मञ्चको सभापतिमा राजु पाठकलाई चयन गरेको छ। सभामा संयुक्त नेपाली वेलफेयर ट्रष्टका संयोजक खिमराज बरालले कोलकातामा नेपाल भवन निर्माणका लागि नेपाल सरकारबाट प्राप्त भएको ६ लाख रूपैयाँ र अपुग रकम चन्दा संकलन गरिने बताए । कोलकाताको नतुनहाट, विवेकानन्द पार्क रोडमा करीव ११ कट्ठा जमीन 'संयुक्त नेपाली केन्द्रीय सेवा संघ'को नाममा पारित गरिएको र भवन निर्माणमा १७ करोड लाग्ने जानकारी बरालले दिए ।

## भारतीय गायक अमित पल पोखरा आउने

काठमाडौं । पोखराको एक रेस्टुरेन्टले स्थापनाको एक बर्ष पूरा भएको अवसरमा भारतीय गायक अमित पललाई नेपाल ल्याउने भएको छ । इन्डियन आइडलको तेस्रो संस्करणको उपविजेता अमित पलले लेकसाइड स्थित डुङ्गा रेस्ट्रो एण्ड लाउन्ज बारमा आफ्नो गीत प्रस्तुत गर्नेछन् । रेस्टुरेन्टमा आउने ग्राहकलाई मध्यनजरमा राखी फागुन १० गते देखि १२ गतेसम्म सञ्चालन हुने उक्त कार्यक्रममा अमित पलसंगै मुक्ति एण्ड रिभाइवल, दि एक्स ब्याण्ड, इनफ्लेम, मिलन एण्ड फ्रेन्स र थुप्रै कलाकारले मनोरञ्जन दिने कुरा रेस्टुरेन्टका प्रबन्ध निर्देशक राजेश गुरूङले बताए ।


**शीत-लहर के समय में ठण्ड के नाते मनई कै जान तक जाय सकत है, यहिक नाते,**

- लरिके बच्चे, बूढ़ पुरनिया, गर्भवती मेहरारु औ बेरमिहा लोगन के देखरेख में विशेष सतर्कता अपनावत, लरिकन बच्चन का गरम अवस्था में राखै कै व्यवस्था किहा जाय ।
- ठण्ड के नाते बेराम भये, तत्कालै नकचेरे कै स्वास्थ्य चौकी वा अस्पताल में दवाई करावै खातिर जाय के आदत बनावा जाय ।
- शीत-लहर चलत के समय, पाल्तु पशुपंक्षिन का सकभर खुला जगही चरावै के न लइ जाव । घारी वा मड़इन में प्रशस्त घाँस/पुइरा औ दाना देय कै व्यवस्था किहा जाय ।
- ठण्ड के नाते पुशपंक्षी वेराम भए, तुरन्तै नकचेरे के पशु चिकित्सालय में सम्पर्क कइकै, दवाई करावै लइ जावा जाय ।
- कोठरी के भित्तर आगि बारि कै, गरम राखा जात है तो, उचित रुप से भेण्टिलेसन कै व्यवस्था करै के, न भुलावा जाय ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व समुदाय...

# “वेस्ट” बंगाललाई “बेस्ट” बंगाल बनाउन बेनर्जीको भूमिका

सन् २०१८ लाई पश्चिम बंगालले फरक तरिकाले स्वागत गर्यो । जनवरीमै कोलकातामा ‘बंगाल ग्लोबल बिजनेस समिट’ भयो । भारतको छैठौं ठूलो अर्थतन्त्र मानिएको पश्चिम बंगालले लगानी तथा पूर्वाधार निर्माणका लागि संभावनाहरूको खोजी गर्ने अवसरमा रूपमा समिटलाई प्रयोग गर्यो । दुइ दिन चलेको समिटबाट पश्चिम बंगालले २,१९,००० करोड भारतीय रूपैयाँको नयाँ लगानीका परियोजनाको प्रस्ताव प्राप्त गर्यो । यसैबाट राज्यले २० लाख थप रोजगारी सिर्जना गर्ने खबर मुख्यमन्त्री ममता बेनर्जीले उत्साहित भएर सबैसँग बाँडिन । समिटकै क्रममा ११० एमओयूमा हस्ताक्षर भए भने भारतको ठूलो बिजनेस घराना रिलायन्सका तर्फबाट मुकेश अम्बानीले पश्चिम बंगालमा ५००० करोड रूपैयाँको टेलिकम र पेट्रोलियम बिजनेसमा लगानी गर्ने घोषणा गरे । यस्तै अदानी रूपले पनि पुरानो लगानीलाई निरन्तरता दिँदै थप ७५० करोड रूपैयाँ लगानी गर्ने प्रतिबद्धता जनायो ।

ममता बेनर्जी पश्चिम बंगालकी मुख्यमन्त्री हुन् जो दोस्रो कार्यकालमा सरकार चलाइरहेकी छिन् । उनले एक मात्र लक्ष्यका रूपमा ‘बेस्ट बंगाल’ को नारा अघि सारेकी छिन् । उनी भन्छिन् ‘टक लेस वर्क मोर ।’ उनी बिभिन्न घोटाला, जातिय हिंसा तथा गोर्खाल्याण्डको मुद्दाहरूमा आलोचना तथा विवादमा परिन् । तर उनले पश्चिम बंगाललाई औद्योगिक विकासको बाटोमा डोहोर्याएकै कारण दोस्रो पटक पनि मुख्यमन्त्री बनिन् । सारदा घोटाला काण्डमा आफ्नै क्याबिनेटका पूर्बमन्त्री, एमपी तथा केही पार्टीका महत्वपूर्ण पदमा रहेका मानिसलाई जेल पठाएर उनले चर्चा बटुलिन् ।

पहिलोपटक सन् १९९१ मा ममता बनर्जी पश्चिम बंगालको प्रान्त सरकारको मानव संसाधान विकास, युवा तथा खेलकुद तथा महिला तथा बालविकास मन्त्री बनिन् । त्यसपछि सन् २००२ मा प्रान्त सरकारकै रेल मन्त्री बनिन् । रेलमन्त्री बन्नासाथ उनले ‘एक्सप्रेस’ तथा ‘सुपरफास्ट एक्सप्रेस’ रेल सेवा सुरू गरिन् । उनले पर्यटन क्षेको विकासमा ध्यान दिइन् । दार्जिलिङ र त्यस वरपरका पहाडी क्षेत्रलाई पर्यटकिय क्षेत्रका रूपमा विकास गर्ने कार्यक्रम ल्याइन् । सन् २००९ मा उनी फेरि रेलवे मन्त्री नै बनिन् । त्यसबेला उनले ‘ननस्टप डुरोन्टो एक्सप्रेस’ रेलहरू संचालनमा ल्याइन् जसले ठूला शहरहरूसँग पश्चिम बंगाललाई जोड्ने काम गर्यो । उनले रेलमन्त्री हुँदा महिला मात्र चढ्ने रेल पनि संचालनमा ल्याइन् । रेलवे मन्त्रीका रूपमा उनको कार्यकालको निकै आलोचना समेत भयो किनभने उनले रेलमन्त्री हुँदा संजालहरू ब्यापक बिस्तार गरिन् जसबाट भारतीय रेलप्रणाली नै घाटामा गयो । चर्चित हुनका लागि प्यासेन्जर ट्रेनको संख्या बढाएर रेलवेलाई ऋणको भार बोकाएको भन्दै आलोचना भएपनि उनले रेल संजालको ब्यापक बिस्तार गरिन् जुन विकासको मेरूदण्ड सावित भयो ।



वेस्ट बंगालकी मुख्यमन्त्री ममता बेनर्जी

रेलवे मन्त्री बनेको २ वर्षपछि सन् २०११ मा उनी पहिलो महिला मुख्यमन्त्रीका रूपमा पश्चिम बंगालको कमान सम्हालिन् । मुख्यमन्त्री भए लगत्तै उनले पहिलो निर्णय गरिन् विवादमा परेको सिंगुर किसानहरूको ४०० एकड जमीन फिर्ता गर्ने । तर यहि निर्णयका कारण पश्चिम बंगालले टाटाको गाडी उत्पादन प्लान्ट सँधैका लागि गुमायो । तर पनि पश्चिम बंगालमा औद्योगिक विकासको गति रोकिएन । विश्वबैंकको एक प्रतिवेदनका अनुसार ब्यापार तथा परियोजना कार्यान्वयनको सुलभताका आधारमा पश्चिम बंगाल भारतको ११ औं राज्यमा पर्छ । पश्चिम बंगालमा चिया, पेट्रोलियम, पेट्रोकेमिकल, लेदर, आइरन, स्टिल, आइ टी, खानी स्रोतहरू, अटोमोबाइल तथा अटोपार्टहरू, बायो टेक्नोलोजी, माछा, जुटका, उत्पादन तथा टेक्सटाइलको उत्पादन हुन्छ । पश्चिम बंगालको जिडिपीमा कृषि क्षेत्रको १९ प्रतिशत, औद्योगिक क्षेत्रको २५ प्रतिशत र सेवा क्षेत्रको ५६ प्रतिशत योगदान रहेको छ । पश्चिम बंगाल भारतको सबैभन्दा ठूलो लेदर सामाग्रीहरूको निर्यातकर्ता राज्य हो । भारतकै ७० प्रतिशत ‘ड्राइ-फ्लावर’को निर्यातकर्ता पनि पश्चिम बंगाल नै हो । ७७ प्रतिशत साक्षरता भएको पश्चिम बंगाल भारतकै दोस्रो ठूलो चिया उत्पादक हो जहाँको दार्जिलिङ चिया विश्वभर रूचाइन्छ । यस्तै पश्चिम बंगालले झिंगेमाछा पनि निर्यात गर्दछ । सन् २०१० सम्ममा भएको एक अध्ययन अनुसार पश्चिम बंगालमा झण्डै ७ हजार उद्योगहरू स्थापना भएको छ । सन् २०२० सम्ममा पश्चिम बंगालले १६ वटा आइटी पार्क निर्माण तथा २ वटा विद्युत उत्पादन क्षेत्र नै तयार गर्ने परियोजनामा काम गरिरहेको छ । पश्चिम बंगाल पूर्वी भारतको मुख्य बन्दरगाह हब समेत हो । कोलकाता र हल्दियालाई पूर्वी भारतकै मुख्य पोर्ट मानिन्छ । यस्तै कोलकातामा रहेको नेताजी सुभाषचन्द्र बोस अन्तराष्ट्रिय बिमानस्थल भारतकै पाँचौं ब्यस्त अन्तर्राष्ट्रिय बिमानस्थल हो ।

पश्चिम बंगालमा सरकारले सन् २०००० देखि सन् २०१६ सम्ममा ३९६७ मिलियन डलर एफडिआइ भित्र्याएको छ । सिक्किम र अन्डमान निकोबार टापुमा सन् २०१६ सम्ममा दुइ स्थानमा ३.९३ अर्ब अमेरिकी डलर एफडिआइ भित्रिएको थियो । सन् २०१२ मा टाइमले विश्वकै १०० प्रभावशाली ब्यक्तिको सूचीमा ममता बेनर्जीलाई राख्यो । सन २०१२ मै ब्लुमबर्ग म्यागेजिनले बित्त क्षेत्रमा विश्वकै टप ५० मानिसमध्ये उनलाई चयन गर्यो । यस्तै सन् २०१३ मा भारतकै इमान्दार राजनितिज्ञका रूपमा सम्मानित गर्यो । सन् २०१४ र १५ मा पश्चिम बंगालको अर्थतन्त्र समग्र देशकै अर्थतन्त्रभन्दा बलियो रूपमा बृद्धि भयो । समग्र अर्थतन्त्र ७.५ प्रतिशतले बढ्दा पश्चिम बंगालको अर्थतन्त्रमा १०.५ प्रतिशतको बृद्धि देखियो । यस्तै औद्योगिक क्षेत्रमा पनि देशभर ५.६ प्रतिशतको बृद्धि देखिँदा पश्चिम बंगालमा ८.३ प्रतिशतको बृद्धि देखियो । सन् २०१२ र १३, २०१३ र १४ र २०१४ र १५ को तथ्यांकलाई हेर्दा प्रतिब्यक्ति आयमा पश्चिम बंगालको बृद्धि स्तर समग्र देशकै भन्दा बढी देखिन्छ । सन् २०१२ र १३ मा पश्चिम बंगालको प्रतिब्यक्ति आय ९.५ प्रतिशत रह्यो भने सन् २०१३ र १४ सम्म पुग्दा बढेर १२.४ भैसकेको थियो । यस्तै सन् २०१४ र १५ मा यो दर बढेर १२.८ प्रतिशत पुग्यो । सन् २०११/१२ मा ११४ अर्ब अमेरिकी डलर रहेको पश्चिम बंगालको जिएसडिपी सन् २०१५/१६ सम्ममा आइपुग्दा बढेर १४०.५६ अर्ब अमेरिकी डलर पुगिसकेको छ । सन् २०१८ र १९ मा पश्चिम बंगालको जिडिपि १५ प्रतिशतले बृद्धि हुने प्रक्षेपण गरिएको छ । सन् २०१२ मा पश्चिम बंगाल सरकारले एउटा पत्र प्राप्त गर्यो । यो पत्र पठाएका थिए विश्वकै धनाढ्य बिल गेट्सले । ‘बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसन’ बाट आएको पत्रमा मुख्यमन्त्री बेनर्जीले गरेका कामहरूको प्रशंशा गरिएको थियो । मुख्यमन्त्री बनेको एक वर्षमै उनले पश्चिम बंगालबाट पोलियो निर्मूल बनाएको भन्दै बिल गेट्सले उनको कामको सरहाना गरेका थिए । स्वास्थ्य क्षेत्रमा प्राप्त यो नतिजा विश्वकै लागि कोसेढुंगा भएको भन्दै बिल गेट्सले लेखेको पत्रले बेनर्जीलाई आम जनतामाझ थप लोकप्रिय बनायो । टाटाको प्लान्ट फिर्ता गएपछि निकै आलोचित भएकी बेनर्जीले विकासका अन्य परियोजनाहरूमा बाधा उत्पन्न हुन नदिन सचेत छिन् । जनवरीको ‘बंगाल ग्लोबल बिजनेस समिट’ मा पनि उनले लगानीकर्ताहरूलाई आफू ‘बिजनेस फ्रेन्डली’ बन्न कन्जुस्याँई नगरेको आभाष दिलाइन् । टाटा प्लान्टको बहिर्गमन जस्तै अन्य उद्योगहरूले पनि पश्चिम बंगालबाट बाहिरिनुपर्ने वातावरण बनेमा पश्चिम बंगालको औद्योगिकीकरणमा असर पर्ने बुझेरै उनले लगानीकर्ताहरूलाई लगानीमैत्री वातावरण कायम गर्नेमा विश्वास दिलाइन् । आखिर ‘वेस्ट बंगाल’ लाई ‘बेस्ट बंगाल’ बनाउने सपनाकी सुत्राधार उनै बेनर्जी त हुन् ।

*– दबाब साप्ताहिकबाट*

नेपाल सरकार
कृषि विकास मन्त्रालय
**व्यवसायिक कृषि तथा व्यापार आयोजना**
सल्लाघारी, महाराजगंज, काठमाडौं
[IDA Credit 4603-NP and 61800 NP and IDA Grant H486-NP and 8130 NP]

**अनुदानग्राहीहरुलाई अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशन मिति : २०७३/१०/११)

यस आयोजनाको पुरक अनुदानको सहयोगमा संचालित तेश्रो र चौथो आव्हान अर्न्तगतका उप आयोजनाहरुको किस्ता भुक्तानी लिने र उप आयोजनाहरु सम्पन्न गरी सक्ने निम्न तालिकामा उल्लेख भए बमोजिम समय सिमा निर्धारण भएकोले निर्धारित समय सिमा भित्रै किस्ता भुक्तानी लिन र उप आयोजना सम्पन्न गर्न सम्बन्धित सबैको लागि अनुरोध गरिन्छ । साथै समय सिमा भित्र किस्ता भुक्तानी नलिएमा तथा उप आयोजना सम्पन्न नगरेमा सम्बन्धित उप आयोजनाहरु नै जवाफदेहि हुनु पर्ने र यस आयोजना जिम्मेवार नहुने व्यहोरा समेत अनुरोध छ ।

| प्रस्ताव | किस्ता भुक्तानी लिने समय सिमा | अन्तिम किस्ता तथा उप आयोजना सम्पन्न गर्ने समय सिमा |
|---|---|---|
| तेश्रो आव्हान | दोश्रो किस्ता २०७३ फाल्गुण १७ गते भित्र | २०७४ असार १६ गते |
| चौथो आव्हान | पहिलो किस्ता २०७४ जेष्ठ ३१ गते भित्र | २०७४ पौष १६ गते |
| लघु अनुदान | | २०७४ असार १६ गते |

## जिल्ला समाचार

### बुद्धस्थलको विकास हुन्छ : पोखेल

मणि प्रसाद गैह्रे, कपिलवस्तु । विकासमा पछाडी परेको कपिलवस्तु जिल्लालाई पर्यटकीय हिसावले विकास गर्ने प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखेलले बताएका छन् । बुद्धस्थल प्राचीन कपिलवस्तुको तिलौराकोट अवलोकनका लागि कपिलवस्तु आएका मुख्यमन्त्री पोखेलले सञ्चारकर्मीसँग कुरा गर्दै हाल बुद्धस्थल तिलौराकोटमा विभिन्न उत्खनन् र अन्वेषण भैरहेको सन्दर्भमा सोको सिफरिसका आधारमा प्रदेश सरकारले कपिलवस्तुको बिकासका लागि योजना बनाउने बताए । बुद्धस्थल राज्यकै लागि महत्वपूर्ण सम्पदा रहनुका साथै बुद्धकालीन समयभन्दा पनि पुरानो इतिहास बोकेको स्थानको विकास पहिलो प्राथमिकतामा रहने उनले बताए । बिश्वभरका बबुद्धमार्गीका लागि अध्ययनको विषयवस्तुसँगै पुरातात्विक र पर्यटकीयस्थलको रूपमा विकास गर्न आफूहरू तत्पर रहेको उनले बताए । बुद्धस्थल तिलौराकोट आएका मुख्यमन्त्री पोखेलले पश्चिमीद्वार, मुख्य दरबार क्षेत्र, पूर्वीद्वार, उत्तरी सुरक्षा पर्खाल र उत्खनन्को उपलब्धीबारे जानकारी लिएका थिए । मुख्यमन्त्री पोखेललाई पुरातत्व विभागका पूर्व महानिर्देशक कोष प्रसाद आचार्य, उत्खननमा संलग्न बेलायतको दरहाम विश्वविद्यालयका सहउपकुलपति प्रोफेसर डाक्टर रबिन कनिङ्घम लगायतले उत्खनन्को उपलब्धी बारे जानकारी दिएका थिए ।

### प्रदेश ७ का मुख्यमन्त्रीद्वारा पदबहाली

कैलाली । प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टसहित विभिन्न मन्त्रीले पदबहाली गरेका छन् । मुख्यमन्त्री भट्टले धनगढीको रातोपुलस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदभार ग्रहण गरेसँगै अन्य मन्त्रीले पदबहाली गरेका छन् । पद बहालीपछि मुख्यमन्त्री भट्टले प्रदेश नं ७ मा रहेको जल, जडीबुटी, कृषियोग्य जमिन, पर्यटकीय क्षेत्रलगायत विकासका सम्भावनाको उजागर गरी सुशासन तथा भ्रष्टाचार न्यूनीकरण गर्ने कार्य नै आफ्नो पहिलो प्राथमिकता रहेको बताए । उनले विकासका यी सम्भावनालाई सदुपयोग गर्दै प्रदेश नं ७ लाई विकासमा १ नं प्रदेश बनाउनतर्फ आफू कटिबद्ध भएर लाग्ने बताए ।

### रौतहटमा पनि मनाइयो प्रजातन्त्र दिवस

**राकेश यादव,** रौतहट । रौतहट जिल्लामा विभिन्न कार्यक्रम गरी ६८औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाइएको छ । निरंकुश राजतन्त्रको समाप्ति र प्रजातन्त्रको स्थापना भएको २००७ साल फाल्गुन ७ गतेको दिनलाई समझना गरेर प्रजातन्त्र दिवस मनाउँदै आएका छन् । प्रजातन्त्रका लागि भएको लडाईमा आफ्नो ज्यानको आहुति दिने वीर शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रजातन्त्र दिवस मनाइएको हो । जिल्ला मूल समारोह समितिले सदरमुकाम गौरमा प्रभात फेरी, झण्डोतोलन, प्रवचन कार्यक्रम आयोजना गरेर दिवस मनाएको हो । जिल्ला समन्वय समिति कार्यालयको प्रांगणमा आयोजना गरिएको कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका एकटुकडीले सलामी अर्पण समेत गरेका थिए । जसको योगदानवाट आएको प्रजातन्त्र दिवसमा राजनीतिक दल, नागरिक समाजका अगुवाहरू अनुपस्थित भएकाले नेपाल सरकारका कर्मचारीहरू मात्र सहभागी भएका कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उद्धव बहादुर थापाले सम्बोधन गर्दै नेपालीहरूका अधिकार स्थापित भएको दिन फागुन ७ रहेको उल्लेख गरेका थिए ।

### संघीय प्रेस फोरमको पर्सा शाखा गठन

वीरगन्ज । संघीय समाजवादी फोरम नेपाल निकटको पत्रकारहरूको संगठन संघीय प्रेस फोरमको पर्सा शाखा गठन भएको छ । नेपाल पत्रकार महासंघ पर्साको सभाकक्षमा शुक्रबार सम्पन्न कार्यक्रममा आर.के. पटेलको अध्यक्षतामा १३ सदस्यीय कार्यसमितिको घोषणा गरिएको हो । बिजय कुशवाहाको अध्यक्षतामा भएको घोषणा कार्यक्रममा फोरम पर्साका अध्यक्ष तथा सांसद प्रदीप यादवले प्रेस फोरम पर्साको घोषणा गरे । समितिको उपाध्यक्षमा श्याम कुशवाहा, लालबाबु बानिया, सचिवमा आशु सर्राफ, सहसचिव अंजुकुमारी महतो, कोषाध्यक्ष राम कुशवाहा, सदस्यहरूमा एनी कुंवर, दिपक ठाकुर, हेमन्त तमाङ, निखिल वर्णवाल, प्रमोद यादव, जनाब आलक, संतोष साह, मनिषा श्रेष्ठ लगायतका रहेका छन् । यसैगरी राम सर्राफको संयोजकत्वमा रहेको सल्लाहकार समितिमा अनिल तिवारी, विजय कुशवाहा, ध्रुव साह, चन्द्र भुषण साह रहेका छन् । घोषणा सभालाई सम्बोधन गर्दै सांसद प्रदिप यादवले प्रेस फोरम पर्साको पत्रकारिता मर्यादित तथा व्यवस्थित बनाउन अग्रसर हुने बताए ।

### इट्टा व्यवसायी संघमा खाँ

नेपालगन्ज । विगत १५ वर्षदेखि बाँकेमा इट्टा व्यववसायीहरूको हक हितका क्षेत्रमा कार्य गर्दै आएको इट्टा उद्योगीहरूको छाता संगठन नेपाल इट्टा उद्योग व्यवसायी संघ बाँकेको विशेष साधारण सभा तथा पाँचौ अधिवेशनबाट जैनुल खाँको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । संस्थाको नयाँ नेतृत्वअन्तर्गत अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र अन्य ४ जना सदस्यहरू क्रमश: जैनुल खाँ, सत्तार खाँ, रामचन्द्र शाह, रहिस शेष, टंक बुढा, विशाल उप्रेति, सुधिर प्रताप सिंह, सन्तोष कुमार वर्मा, सिर्ताज अलिकसगर, विजय प्रशाद शाह, दिपक अधिकारी सर्वसम्मत रूपमा चयन भएका छन् । त्यसैगरी, नेपाल इट्टा उद्योग व्यवसायी संघ बाँकेको सल्लाहाकार समितिसमेत गठन गरेको छ । वरिष्ठ सल्लाहाकारमा संस्थाका निवर्तमान अध्यक्ष प्रकाश शाह र सल्लाहाकारमा क्रमश: रामशंकर माधवदास, उत्तम घिमिरे, गोकुल प्रसाद पराजुली र केशव भण्डारी चयन भएका छन् ।

### पत्रकारलाई भौतिक कारबाही गर्ने धम्की

रौतहट । रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसद अनिल कुमार झाले नेपाल पत्रकार महासंघ रौतहट शाखाका जिल्ला कार्य समिति सदस्य एवं अनलाइन विद्युतीय पत्रिकाका संपादक संजय सहनीलाइ भौतिक कारबाही गर्ने धम्की दिएका छन् । सहनी आफ्नो फेसबुक पेजमा राजपा अध्यक्ष मंडलका अध्यक्षद्वय झाले श्रीमतीलाइ मन्त्री बनाउनका लागि अनशनमा बसेको पोस्ट गरेपछि सांसद झाले सहनीको मोबाइल नम्बर ९८५५०४०८७२ मा फोन गरेर धम्की दिएको पत्रकार सहनीले बताएका छन् । अध्यक्ष झाले अपशब्द प्रयोग गर्दै भौतिक कारबाही गर्ने भनी धम्की दिएको पत्रकार सहनीले बताएका छन् । बिहीबार राति १० बजेको समयमा सांसद झाले फोन गरेर धमक्याएको सहनीको भनाइ रहेको छ ।

### बारामा हिन्दू परिषद गठन

बारा । हिन्दू परिषद् नेपाल बारा जिल्ला कमिटी एक कार्यक्रमका बीच २१ सदस्यी गठन भएको छ । कलैया चौकस्थित देवकीलाल धर्मशालाको प्रांगणमा परिषद् बारा जिल्लाका संयोजन सुकदेव साह कानूको सभापतित्व एवं हिन्दू परिसद नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलको प्रमुख आतिथ्यमा संम्पन भएको थियो । परिषद बारा जिल्लाको अध्यक्षमा दीपक दास तत्वा, उपाध्यक्ष जगरनाथ साह तेली, सचिव प्रमा महतो, सह-सचिव अरूण कुशवाहा, कोषाध्यक्ष अखलेश कुशवाहा, जिल्ला सदस्यहरूमा सीकेन्द्र दास, लक्ष्मि साह, गंगा ठाकुर, रामजी दास, प्रदीप कलवार, लालमती राम, दिपलाल कुशवाहा, महिन्द्र दास, गुली दास लगायत रहेका छन् । साथै महिला संगठन बाराको संयोजकमा उर्मिला देवी,क्षेत्र ४ संयोजकमा अनिल सहनी, कलैया उप(महानगर संयोजकमा शिवजी साह कानू, बारा जिल्ला सल्लहकारमा अजय तिवारी र केन्द्रीय सदस्यमा सुकदेव साह कानूलाई मनोनीत गरिएको छ ।

### शैक्षिक गुणस्तर सम्बन्धी परामर्श

वीरगंज । वीरगंज महानगरपालिकाद्वारा आयोजित नगरस्तरीय अंग्रेजी माध्यम एवं शैक्षिक गुणस्तर परामर्श तथा छलफल सम्बन्धी अन्तरक्रिया कार्यक्रम आज सम्पन्न भएको छ । नगर प्रमुख (मेयर) विजय कुमार सरावगीको प्रमुख आतिथ्यमा वीरगंज उद्योग वाणिज्य संघको सभा हालमा सम्पन्न आजको कार्यक्रममा नगरको शिक्षामा गुणस्तर उन्नतिकालागि नगरका विभिन्न सामुदायिक, निजि, प्याब्सन तथा एनप्याब्सन विद्यालयका प्रधानाध्यापक, शिक्षक, विभिन्न सरोकारवाला व्यक्ति लगायत संग विभिन्न विषयहरूमा छलफल भएको छ । कार्यक्रममा आगामी शैक्षिक सत्रबाट नगरका सम्पूर्ण सामुदायिक विधालयहरूमा कम्तिमा कक्षा १ देखि अंग्रेजी माध्यमबाट पठन(पाठन, विषयगत तथा तहगत शिक्षक मिलान, विधालय गाभ्ने तथा बन्द गर्ने, अतिरिक्त क्रियाकलाप संचालन, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षकको गुणस्तर अभिवृद्धि, विद्यालयमा अनुगमन तथा निरक्षण, शुल्क, शिक्षक अभिभावक अन्तरक्रिया लगयात विषयहरूमा छलफल भएको थियो ।




नेपालको समृद्धिको मूल बाटो स्वदेशी उत्पादन बढाउने, आन्तरिक खपत र निर्यातको निति र भयंकर व्यापार घाटा अन्त्य गर्ने हो । गरीबी र वेरोजगारी अन्त्य गर्ने बाटो पनि त्यही हो । त्यसैले स्वदेशी उत्पादन बढाऊँ, स्वदेशी वस्तु प्रयोग गरौं भन्ने राष्ट्रिय नारा बनाऊँ । **डा.बाबुराम भट्टराई**


सार्वजनिकस्थलमा कसैले फोहर फालेमा कानूनमा व्यवस्था भएअनुसार कारबाही हुन्छ, राजधानीलगायत शहरमा प्लाष्टिकले धेरै फोहर गरेको छ प्लाष्टिक, सुर्ती, खैनी एवं रिचार्ज कार्डका खोलले पनि धेरै फोहर बढाएका छन् । यस्ता चिज उत्पादन गर्ने संस्थाले नै व्यवस्थापन गर्नुपर्छ । **लालबाबु पण्डित**


नयाँ प्रधानमन्त्री प्रमुख विपक्षी दलको विश्वास लिएर कि द्वन्द्वको स्थिति निम्त्याएर अघि बढ्न चाहनुहुन्छ ? हेक्का रहोस् संसदीय प्रक्रियाभित्रै सरकार फेरिएको मात्र हो राज्यसत्ता नै परिवर्तन भएको होइन । **विश्वप्रकाश शर्मा**


संघीयताले नेपालमा लोकतन्त्र र एकताको विकासमा ठूलो योगदान दिनको साथ-साथै हाम्रो देशलाई भेदभावबाट मुक्त गरी आपसी भाईचारा र सद्भाव साथ हामीलाई एक अर्काको सहयोग गर्न सिकाउँछ । आपसी सहयोग र सद्भाव विना उन्नति सम्भव छैन । **गिरिशचन्द्र लाल**


जो वीरगञ्जसँग छ, त्यो कसैसँग छैन । जो वीरगञ्जले प्राप्त गर्न सक्छ त्यसको अरूले अभिलाषा पनि राख्न सक्दैन । तर, वीरगञ्ज आफुले आफैलाई कहिल्यै पनि आत्ममुग्धतामा राख्नु हुन्न । वीरगञ्जले आफ्नो सामर्थ्यलाई कसरी उन्नत बनाउन सक्छ त्यो वीरगञ्जले सोच्ने र बुझ्ने बेला हो यो । **चन्द्रकिशोर**


मधेशीका नाममा एनजिओ र आईएनजीओ चलाउने, विदेशी दुतावासहरू चहार्दै हिड्ने,नेपालमा धर्म परिवर्तनको प्रावधानलाई बलियो बनाउन लबिङ गरेर विवादमा मुछिएका पूर्व बेलायती राजदूत एन्डी स्पार्कसको पक्षमा आर्टिकल लेखेर स्तुतिगान गर्ने व्यक्तिलाई प्रदेश २ मा एउटा महत्वपूर्ण पदमा नियुक्ति गरिएको छ । **दिनेश यादव**


नेताहरूलाई मेडिकल व्यवसायिको सत्कार-व्यञ्जन पक्कै उत्कृष्ठ नै रह्यो होला । सुशासन, विकाश र समृद्धिको आशमा बसेका जनतालाई भने 'पहिलो गाँस मै ढुङ्गा' जस्तो भएको हो कि? हेक्का रहोस, शासकिय र सामाजिक शैलीमा जनताले उल्लेख्य परिवर्तन समेत खोजेका छन् । **सूर्यराज आचार्य**


फोरम नेपालबाट केही सिक्नुस् भन्दा राजपा नेपालका नेताहरू झगडा गर्न आउनुहुन्थ्यो । फोरम नेपालले लिएका पछिल्ला निर्णयहरूबाट राजपा नेपालले मात्र होइन तीन ठूला दलले पनि सिक्नु पर्ने देखिन्छ । अरू कुरा सब यस्तै हो । **सुरेश कुमार यादव**


दीपेन्द्र झाजी मधेश केन्द्रित दलका लागि दैलोमै पुगेर निःशुल्क सल्लाह दिएको धेरैपटक भेटेको छु । अर्थात् म आफै पनि साक्षी छु । अझ उहाँ मधेश केन्द्रित दलको सरकारका मुख्य कानुनी सल्लाहकार नभएर शीर्ष राजनीतिक सल्लाहकारमा नियुक्त हुनुपर्थ्यो । **अनिलकुमार कर्ण**


हामी मधेशी त नागरिकताको विषयमा यसै बदनाम भएका रहेछौं । असली खेल त यतै पो हुने रहेछ । उहिले राजेन्द्र महतोहरूमाथि जाई लाग्नेहरू कुन चाइँ दुलोमा लुकेछन् ? छानबिन महतो, झा, ठाकुर, अन्सारी, केसी, पराजुली जति सबैको नागरिकताको होस । **स्नेहा झा**


३६ हजार एनजीओ बन्द गरेर ५ हजार उद्योग खोल्नुभन्दा भएर बन्द भएका वीरगञ्ज चिनी कारखाना, विराटनगर रानी जुट कारखाना, जनकपुर चुरोट कारखाना, भृकुटी कागज कारखाना, हेटौंडा कपडा तेल कारखाना संचालनमा ल्याउन जरूरी छ । **सरस्वती सुब्बा**

## परियोजना समितिको बैठक सम्पन्न



काठमाडौं । तराई सडक योजना अन्तर्गत नेपाल-भारत संयुक्त परियोजना निगरानी समितिको बैठक सम्पन्न भएको छ । बैठकले विराटनगर र जनकपुरका विभिन्न सडकहरूको प्रगतिको विषयमा छलफल गरेको छ । बैठकमा दुबै पक्षले परियोजनाहरूलाई कार्यान्वयन गर्दै भारत सरकारद्वारा वित्त प्रदत र नेपाल सरकारद्वारा कार्यान्वयन गर्ने सम्बन्धमा पारस्परिक सहमति जनाएका छन् । यसैगरी, एकीकृत चेक पोष्ट निर्माणको लागि परियोजना सञ्चालन समितिको ८ औं बैठक नयाँ दिल्लीमा सम्पन्न भएको छ । बैठकको अध्यक्षता नेपाल सरकारको शहरी विकास मन्त्रालयका सचिव नेपाल सरकार दिपेन्द्र नाथ शर्मा र भारत सरकारको सीमा व्यवस्थापनका सचिव ब्रज राज शर्माले संयुक्त रूपमा गरेका थिए । बैठकमा आरआईटीईएस लिमिटेडका लागि सल्लाहकारले वीरगञ्ज र विराटनगरमा आईसीपीको निर्माणमा प्राप्त प्रगतिका बारे जानकारी दिएको थियो ।

## त्रिदेशीय सहकार्यका लागि चीन तयार

काडमाडौं । चीनले नेपाल, चीन र भारतबचि त्रिदेशीय सहकार्यका लागि आफू तयार रहेको संकेत गरेको छ । उसले एकअर्काका महत्वपूर्ण छिमेकी मुलुक भएको बताउँदै तीनै पक्षले सकारात्मक सम्पर्क राख्नुपर्ने धारणा ज्यक्त गरेको छ । बेइजिङमा भएको पत्रकार सम्मेलनमा चिनियाँ परराष्ट्र प्रवक्ता कङ श्वाङले तीन वटै देश एक अर्काका लागि निकै महत्वपूर्ण रहेकाले साझा हित र साझा फाइदामूलक नतिजाका लागि सकारात्मक ढंगले अन्तर्क्रियाका क्षेत्रहरू विस्तार गर्नुपर्नेमा जोड दिए । परराष्ट्र प्रवक्ता कङले नेपालको नयाँ सरकारसँग सहकार्य गर्न चीन तत्पर रहेको उल्लेख गरे ।

## नेपाल-भारत ईपीजी बैठक बस्दै

काठमाडौं । नेपाल भारत प्रबुद्ध समूहको बैठक शुक्रबार काठमाडौंमा बस्दै छ । नेपाल तर्फका सदस्य डा. राजन भट्टराईका अनुसार बैठकको तयारी स्वरूप सरोकारवालासँग छलफल सुरू भएको छ ।

समूहको सातौं बैठकमा दुई देशबीच भएका पुराना सन्धी सम्झौताको परिमार्जनका विषयमा थप छलफल हुने उनले जानकारी दिए । य बैठकमा यसअघिका बैठकमा भएका मौखिक र लिखित सहमति र छलफललाई लिपिवद्ध गरिने डा. भट्टराईले पनि जानकारी दिए ।

भट्टराईका अनुसार यसअघि भएका सहमति र यसपटकको बैठकमा यसअघि भएका छलफललाई लिपिवद्ध गरिने छ ।

सन् २०१६ जुलाईमा पहिलो बैठक बसेको समूहको कार्यकाल दुई वर्ष तोकिएको छ । जसअनुसार आगामी असारमा समूहले प्रतिवेदन तयार गरी दुई देशका सरकारलाई बुझाउनुपर्ने हुन्छ । द्विपक्षीय सम्बन्धका साथै नेपाल र भारतबीच सन् १९५० मा भएको शान्ति तथा मैत्रीसन्धि र अन्य सन्धि सम्झौताको नवीकरण, तिनको परिमार्जन र सुधारका निम्ति सुझाव दिन प्रबुद्ध व्यक्ति समूह गठन भएको हो ।

## "संरक्षण" पुनः रिलिज हुने




काठमाडौं । मधेशको राजनीतिक विषयवस्तुमा निर्माण भएको 'संरक्षण' चलचित्र पुनः रिलिज गर्ने भएको छ । गत साउन २७ गतेबाट संरक्षण प्रदर्शन भएको थियो । साउनमा आएको बाढीका कारण व्यापारमा अवरोध आएको भन्दै 'संरक्षण'लाई फेरी रिलिज गर्न लागिएको हो । यहि फागुन १७ होलिको अवसरमा चलचित्रलाई तराई/मधेशमा पुनः रिलिज गर्न लागिएको हो ।

होलीलाई लक्षित गरि पुनः फिल्म रिलिज गर्ने निर्णय गरेको निर्माता प्रदिपकुमार उदय जानकारी दिएका छन् । चलचित्रलाई पुर्णेन्दु झाले निर्देशन गरेका छन् । चलचित्र 'संरक्षण'लाई प्रदिपकुमार उदय, नरेन्द्र महर्जन, नन्दु श्रीवास्तव र स्वेता साहले संयुक्त रूपमा निर्माण गरेका हुन् । चलचित्रमा निखिल उप्रेती, सौगात मल्ल, मलिना जोशी, अशिष्मा नकर्मी, रमेश रञ्जन झा, प्रमोद अग्रहरी, सुशान्त श्रेष्ठ, पवन महत्तो, अमितेश शाह, नन्दु श्रीवास्तव र राज कटुवाल लगायतको अभिनय रहेको छ ।

## फोरम सरकारमा...

समर्थन गर्ने बताए । समाजवादी फोरमले संविधान जारी भएदेखि नै केही मुद्दामा असन्तुष्टि व्यक्त गर्दै आएको छ । फोरमसहित राजपा नेपालले संविधान संशोधनअन्तर्गत, प्रदेश संरचना, नागरिकताका सवालमा मधेशी जनताको भावना सम्बोधन हुनुपर्ने अडान लिँदै आएको छ ।

**राजपा पनि सकारात्मक**

राजपाका अध्यक्षमण्डलका सदस्य शरत्सिंह भण्डारीले केपी ओली नेतृत्वको सरकारमा सहभागी हुनेबारे अनौपचारिक छलफल भइरहेको बताए ।

तर उसले संविधान संशोधनको मुद्दालाई शर्तको रूपमा तेर्साएको छ ।

राजपासँगको छलफलमा पछिल्लोपटक एमालेले लचकता देखाएको हुनाले आफूहरू सकारात्मक बनेको नेता भण्डारीको भनाइ छ ।

एमाले नेता विष्णु रिमालले गठबन्धन सरकार विकास-निर्माण र समृद्धिको दिशामा अघि बढ्ने भएकाले यो प्रक्रियामा आउन चाहने सबै राजनीतिक दललाई सरकारमा सामेल गर्न ढोका खुल्ला रहेको बताए ।

## प्रदेश २ मा...

दलका नेता राउतले प्रदेशको उन्नतीका लागि एक हुनुपर्ने आग्रह गरेका थिए ।

एमाले संसदीय दलका नेता सत्यनारायण मण्डलले स्थिर सरकारका लागि आफ्नो पार्टीले विश्वासको मत दिएको बताए ।

माओवादी संसदीय दलका नेता भारतकुमार साहले पनि सररकारलाई समर्थन गर्ने घोषणा गरेका छन् ।

नेपाल संघीय समाजवादी पार्टी र एक स्वतन्त्र सांसदले पनि सरकारलाई समर्थन गरेका छन् ।

सरकारको पक्षमा ८२ मत परेको छ भने विपक्षमा १८ मत खसेको छ । १०७ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५४ सांसद चाहिन्छ, जुन फोरम र राजपाकै छ ।

## तेलगु फिल्ममा नेपाली युवा

काठमाडौं । नेपाली युवा विष्णु अधिकारीको डेब्यु अभिनय रहेको तेलगु फिल्म 'एक'को गीत 'फर्केर आउ' सार्वजनिक भएको छ । राजधानीमा कार्यक्रम गरी फिल्म युनिटले गीत सार्वजनिक गरेको हो । अमेरिकाको बजारमा तेलगु फिल्मको बजार प्रबर्द्धनमा सक्रिय दीपकले नेपाली फिल्मलाई पनि अमेरिकी बजारसम्म पुर्याउन आफ्नो सहयोग हुने बताए ।

## आर्थिक समाचार

### सिटिजन लाइफको शाखा विस्तार



भैरहवा । सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बुटवलमा क्षेत्रीय कार्यालय र भैरहवामा शाखा कार्यालय विस्तार गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषक राज पौडेल तथा कम्पनीका ब्रान्ड एम्बेस्डर हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठबाट संयुक्त रूपमा शाखाहरूको समुद्घाटन भएको हो । उक्त शाखा कार्यालय संचालन पश्चात जनमानसमा बीमाको पहुँच अभिवृद्धि गर्नमा सहयोग हुने विश्वास कम्पनीले व्यक्त गरेको छ । हाल कम्पनीले अधिराज्यभर ३४ शाखा कार्यालयहरू तथा ४ वटा वैदेशिक रोजगार जीवन बीमा सेवा केन्द्रहरूमार्फत अत्याधुनिक प्रविधिद्वारा ग्राहकहरूलाई जीवन बीमा सेवा प्रदान गर्दै आएको छ । कम्पनीले सबै थरीका जीवन बीमा योजनाका साथै वैदेशिक रोजगार म्यादी जीवन बीमा योजना प्रचलनमा ल्याएको छ । कम्पनीलेनिकट भविष्यमा देशका सबै जिल्लाहरूबाट आफ्ना ग्राहकवर्गलाइ जीवन बीमा सेवा प्रदान गर्ने लक्ष्य लिएको छ ।

### रूपन्देहीमा एनआईसी एसियाको शाखा

भैरहवा । एनआईसी एसिया बैंकले देवदह-५ खैरेनी रूपन्देही नयाँ शाखा संचालनमा ल्याएको छ । उक्त शाखाको उद्घाटन आइतबार देवदह नगरपालिकाका मेयर हिराबहादुर खत्रीले गरेका थिए । शाखा सञ्जाल, पुँजी संरचना, वासलातको आकार, ग्राहक संख्याका आधारमा एनआईसी एसिया बैंक निजी क्षेत्रको अग्रणी बैंकमध्ये पर्छ । खैरेनी शाखाको उद्घाटनसँगै हाल यस बैंकले अधिराज्यभर एक सय ७९ शाखा र एक सय ७२ एटीएम एवं चार एक्सटेन्सन काउन्टरबाट ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ ।

### प्रभु बैंकद्वारा शाखा स्थानान्तरण

काठमाडौं । प्रभु बैंकले शाखा स्थानान्तरण गरेको छ । बैंकले बुधबार एक समारोहका बीच रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ८, नारायणपथ, गणपति टावरस्थित बैंकको भैरहवा शाखा साविकको स्थानबाट करिब तीन सय मिटर दक्षिणतर्फ स्थानान्तरण गरेको हो । नेपाल राष्ट्र बैंक सिद्धार्थनगर रूपन्देहीका निर्देशक अशोक कुमार पौडेलले स्थानान्तरण गरिएको भैरहवा शाखाको उद्घाटन गरेका हुन् ।

### नबिलद्वारा सी-आस्बा सेवा सञ्चालन

काठमाडौं । नबिल बैंक लिमिटेडले ग्राहकहरूको सुविधालाई ध्यानमा राखी धितोपत्र खरिद गर्न सी-आस्बा सेवा सञ्चालनमा ल्याएको छ । सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्न आवेदन दिदा अनिवार्य रूपमा सी-आस्बा सेवामार्फत मात्र आवेदन दिन पाउने व्यवस्थालाई मध्यनजर गरी बैंकले यो सेवा संचालनमा ल्याएको हो । बैंकले ग्राहकलाई समयमै सी-आस्बा रजिस्ट्रेसन नम्बर प्रदान गर्ने उद्देश्यले उक्त सेवा संचालनमा ल्याएको हो । बैंकका ग्राहकले बैंकका सम्पूर्ण शाखाहरूबाट सी-आस्बा कस्टमर रजिस्ट्रेसन नम्बर लिएपश्चात् मेरो सेयरमार्फत आफै अनलाइन आवेदन दिन सक्नेछन् ।

### सेञ्चुरी बैंकको पाँच वटा नयाँ शाखा

काठमाडौं । सेञ्चुरी कमर्सियल बैंकले देशको ग्रामिण भेगका जनतामाझ बैंकिङ्ग पहुँच पुऱ्याउने सरकार तथा नेपाल राष्ट्र बैंकको लक्ष्यबमोजिम खोटाङ्ग जिल्लाको लामीडाँडा गाउँपालिका, अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका, मोरङ जिल्लाको ग्रामथान गाउँपालिका र सर्लाही जिल्लाको गौडेटा नगरपालिकामा शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ । सो शाखा कार्यालयहरू बैंकका अध्यक्ष राजेश कुमार श्रेष्ठले केन्द्रीय कार्यालयबाट शुभारम्भ गरेका हुन् ।

## 'मधेशी पुत्र-२' को च्यारिटी शो हुँदै




काठमाडौं । मधेश आन्दोलनको विषयवस्तुलाई समेटिएर निर्माण भएको 'मधेशी पुत्र-२' को मधेशी शहीद सहयोगार्थ च्यारिटी शो काठमाडौंमा हुने भएको छ । मधेश आन्दोलन, मधेश राजनीतिमा डा.सीके राउतको गतिविधि, मधेशी राजनीतिक दल र राज्यको व्यवहार लगायतका विषयवस्तुलाई समेटेर यो चलचित्र निर्माण गरिएको निर्देशक तथा नायक निराजन मेहताले जनाएका छन् । मधेश आन्दोलनको कथावस्तुमा आधारित निर्माण भएको यो चलचित्र सबैले हेर्ने निर्माताको दाबी छ । चलचित्र भोजपुरी र नेपाली दुवै भाषाको प्रयोग भएको निर्माता बताउँछन् । काठमाडौंको जमलस्थित विश्वज्योति सिनेमा हलमा यही शनिबार दिउँसो ३:३० बजे प्रदर्शन हुँदैछ । यस च्यारिटी शोमा विद्यार्थीका लागि विशेष छुटको व्यवस्था गरिएको निर्माताले जनाएका छन् । शोको टिकट शुल्क रू. एक हजार राखिएको छ । यसअघि सेन्सर बोर्डले यस चलचित्रलाई पास गरेको थिएन । चलचित्रमा डा.सीके राउतको भूमिका राखिएको भनी सेन्सर बोर्डले पास गरेको थिएन ।




## बडही समाजका बुद्धिजीबीहरूको संगठन

काठमाडौं । चन्द्रदेव ठाकुरको अध्यक्षतामा नेपाल बडही समाजको केन्द्रीय कर्मचारी तथा बुद्धिजीबी समन्वय समिति गठन भएको छ । सोमबार भएको एक भेलाले सात सदस्यीय तदर्थ समिति गठन गरेको छ । प्रमुख अतिथि धनिकलाल ठाकुर, विशेष अतिथि ने.ब.स.को वरिष्ठ सल्लाहकार एवम् पूर्वसभासद सकलदेव सुतिहार, ने. ब.स.को पूर्वअध्यक्ष हरेराम ठाकुर, मिना कु. शर्मा, ने.ब.स.को पूर्व सल्लाहकार इन्जिनियर राम जतन ठाकुर लगायत सयौं कर्मचारीहरूको उपस्थितिमा रामेश्वरम होटल, गौशाला काठमाडौंमा सो समिति गठन भएको हा । जसको उपाध्यक्षमा बिपिन कुमार शर्मा, सचिवमा सुरेश प्रसाद ठाकुर, कोषाध्यक्षमा पवन कुमार ठाकुर मनोनित भएका छन् । यसैगरी सदस्यहरूमा रविन्द्र कुमार ठाकुर, राम आधार ठाकुर र राम नारायण शर्मा रहेका छन् । पछि यो समितिलाई विस्तार गरि महिला सहित १५ सदस्य समिति गठन हुने जनाइएको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं